'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत ३३

वर्ष ७, अंक २ | बुद्ध सम्वत् २५६३ | ने.सं. ११३९ गुंला थ्व | वि.सं. २०७६ साउन ३० गुन्ही पुन्ही




## बौद्ध साहित्यिक पत्रिका 'अर्हत' त्रैमासिक विषयक अन्तरक्रिया कार्यक्रमको एक झलक

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)

म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

# अर्हत

त्रैमासिक

वर्ष ७ | अङ्क २ | पूर्णांक ३३ | नेसं.११३९ गुंला थ्व

शक सं. १९४० | २०७६ साउन ३० | बुद्ध सं. २५६३

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

आवरण फोटो
बौद्ध दर्शन अध्ययन समाज

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा–७, भक्तपुर
Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।–




## यसभित्र


| | | |
|---|---|---|
| बुद्धधर्मको विशेषता | भिक्षु अश्वघोष | ३ |
| बुद्धकालीन ब्राह्मणहरु | बसन्त मर्हजन | ६ |
| शिक्षा संस्कार | चित्तधर हृदय | ११ |
| **Lord Gautam Buddha?** | **Rajani Joshi** | १८ |
| 'अर्हत्' त्रैमासिकको वर्ष ६... | विष्णुगोपाल कुसी | २१ |
| बौद्ध दर्शन र संघनायक... | नारायण मर्हजन | २५ |
| बुद्ध धर्ममा पुण्यानुमोदन | जमुना गोसाईं | २७ |
| मानिसका चार गति | महेन्द्रकुमार शाक्य | २९ |
| २५६३ औं बुद्ध जयन्ती | | ३० |
| बौद्ध दर्शन अन्धविश्वासलाई ... | | ३१ |

# सम्पादकीय

बाढी तथा भू-स्खलनबाट सयौं नेपालीहरुको ज्यान गएको छ । सयौं नेपालीहरु बेपत्ता छन् । यस्तो दुःखद घटना नेपालीहरुले प्रत्येक वर्ष भोग्दै आएका छन् । प्रत्येक वर्ष आउने यस्ता विपत्हरु प्राकृतिक होइन । मानव सिर्जित विपत हो ।

बुद्धले भन्नुभएको थियो – "संसारमा दुःख छ, दुःखको कारण छ र दुःख अन्त्य गर्ने उपाय पनि छ ।' यी उपदेशमाथि चिन्तन गर्दा शासक वर्गको आड– भरोसामा लोभी–पापीहरुले उपत्यकाभित्र बहने नदीहरु च्याप्दै मानव बस्ती बसाल्न लगाए, नदीहरुको बीचमा बजार बनाए । यसकारण नदीहरु साँघुरिदै गए । जसको फलस्वरुप उपत्यका जस्तो सुन्दर सहरमा बाढीको विपत् भोग्न जनता बाध्य भए । यसको कारक प्रकृति होइन मानव नै हुन् ।

उपत्यकाबाहिरका विभिन्न जिल्लाहरु जलमग्न छन् । लाखौं नेपालीहरु घरबारविहीन भएका छन् । लाखौं नेपाली जीवन – मरणको दोसाँधमा तड्पिरहेका छन् । यी प्रकोपहरु पनि प्राकृतिक होइनन् । बुद्धभूमिलाई जलमग्न गरी आफ्नो भूमिमा सिंचाइको बन्दोबस्त गर्न चाहने छिमेकी देशका शासकहरुको योजनाबद्ध काम हो । अन्तर्राष्ट्रिय नियमलाई बेवास्ता गरी नेपाली सिमानामा अग्ला अग्ला सडक तथा विभिन्न बाँधहरु निर्माण गरेरै तराई भू-भाग जलमग्न भएको हो । यो अन्याय हो । ती बाँधहरुको विषयमा नेपाली जनताले निरन्तर विरोध जनाउँदै आएका छन् । तर हात्तीको कानमा लाम्खुट्टे कराउनुजस्तै भयो । वास्तवमा नेपाली जनताको आवाज नेपाली शासक वर्गले सुन्नु पर्थ्यो र माग सम्बोधन गर्न पर्दथ्यो । सार्वभौम देशमाथि थिचोमिचो गर्नु हुन्न भन्दै आवाज उठाइदिनुपर्दथ्यो । तर कुनै पनि शासक वर्गले अन्यायविरुद्ध आवाज उठाएन । सरकार मुखमा बुझो लगाउँदै बस्यो । बुद्धले भन्नुभए जस्तै –'अन्याय सहने पनि अन्यायी नै हो ।'


पाठक मित्रहरु !

शासक वर्ग र तृष्णामा लट्पटिएयकाहरुको हृदयमा बुद्ध वचन फैलाउन सके प्रत्येक वर्ष आइरहने विपत्बाट छुट्कारा पाउन सकिएला कि ?

अस्तु !

'भवतु सब्ब मङ्गल'

# बुद्धधर्मको विशेषता



✍ भिक्षु अश्वघोष

बुद्धधर्म गम्भीर विषय हो । सायद अरु धर्मभन्दा बुद्धधर्म बुझ्न गाऱ्हो होला । बुद्धधर्मको यथार्थता बोध गर्न स्वच्छ र उदार हृदय हुनुपर्छ । बुद्धधर्म वैज्ञानिक र व्यवहारिक हो भन्नुमा अत्युक्ति हुँदैन, तर बुद्धधर्म अध्ययन गर्नको लागि संकुचित र संकीर्ण हृदय हुन हुँदैन । पुरानो संस्कारलाई बिल्कुलै पन्छाउनुपर्छ । अनिमात्र बुद्धको विचारधारा बुझ्न सजिलो हुन्छ ।

जुन धर्मले सम्प्रदायको रुप धारण गर्दछ, त्यो धर्म मानव समाजको हितको लागि नभई दु:खदायक हुनजान्छ । जहाँसम्म मलाई लाग्छ विश्वमानवको एउटै धर्म र संस्कृति हुनुपर्छ, चाहे होस् वा नहोस् मेरो व्यक्तिगत अभिलाषा यही हो ।

बुद्धको जन्मभूमि नेपाल हो । अत: सबै नेपालीले चाहे बौद्ध होस् वा चाहे अबौद्ध होस्, बुद्धधर्मको विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ भन्नु अत्युक्ति नहोला ।

अब यहाँ बुद्धधर्मको विशेषताको बारेमा मेरो दृष्टिकोण प्रस्तुत गर्दछु । निम्न लिखित तथ्यहरु बुद्धवादका विशेषता हुन् :-

१) देव- ब्रहमादि केही अमानवीय शक्तिको सहायता विना आफ्नै उत्साह र लगनद्वारा स्वतन्त्र विकास हुनुपर्छ ।

२) अनात्मवाद अर्थात् यो शरीरमा अथवा बाहिर सदाकालिक स्थायी केही वस्तु छैन ।

३) अनिश्वरवाद ।

४) अरहस्यवाद ।

५) जाति र वर्गभेद हीनता ।

६) संसारका मुख्य प्रश्न खाद्य

७) समान जीविका ।

८) सारा संसार एउटै परिवार जस्तो हुनुपर्छ भन्ने भावना ।

९) युद्धको नाश गरेर शान्तिको स्थापना ।

१०) बहुजन हिताय बहुजन सुखायको उद्देश्यले काम गर्नु, गराउनु । स्वतन्त्रता र प्रजातन्त्र मानव मात्रको अमूल्य वस्तु सम्झनु ।

उपयुक्त एघारवटा कारण बुद्धधर्मको विशेष अंग हो । यिनीहरु उल्लेखनीय मात्र होइनन् व्यवहारिक पनि छन् । म यहाँ सातौं अंग अर्थात् समान जीविकामा मात्र अलि स्पष्ट गर्न चाहन्छु । बुद्धधर्ममा समान जीविकाको अर्थ आय अनुसार व्यय गरेर जीविका चलाउनु हो । (मार्क्सवाद र बुद्धवाद पुस्तकको आधारमा) ।

मलाई त बुद्धवाद किन मन पर्छ भने यसमा

मानव समाजलाई साम्प्रदायिकताबाट सम्पूर्ण रुपमा मुक्त गराउन सक्ने तत्व र उत्साह तथा प्रयत्न समावेश भएको छ । बुद्धले जाति-भेद, वर्ग-भेदलाई निन्दा गर्नुभएको छ । ईश्वरलाई र आत्मालाई मान्यता छैन । अन्ध श्रद्धा र भक्ति तथा पुस्तक पूजालाई स्थान छैन । मूर्तिपूजालाई प्रोत्साहन त के स्थानै छैन, यद्यपि आजको बौद्ध समाजमा यी कुरा प्रमुख अंग भएको जस्तो देखापर्न थालेका छन् ।

गौतम बुद्ध कसैको कथनमा विश्वास राखी परतन्त्र भइरहने कार्य र विचारको घोर विरोधी हुनुहुन्थ्यो । स्वतन्त्र चिन्तनले मनन गरी राम्ररी सम्झी बुझी काम गर्ने पक्षमा बुद्ध हुनुहुन्थ्यो ।

धेरैजसो धर्मगुरु पुरोहितहरुले आफ्नो चेला र अनुयायीहरुलाई भन्दछन्- तिमीहरुले मेरोप्रति दृढ श्रद्धा राख्नुपर्छ । मेरो कुरामा तिमीहरुले तर्क वितर्क नगरी यो सनातन सत्य मानी आँखा चिम्लेर शिरोपर गरी आचरण गर्नुपर्छ । मेरो कुरामा विश्वास छैन भने शंका गर्‍यो भने, आफ्नो बुद्धिले काम लिनखोज्यो भने तिमीहरु घोर नरकमा जाने छौ । अत: मेरो कुरालाई छाडी अरुको कुरो नमान । आफ्नो बुद्धिमा ताल्चा मारी मेरो मात्र अनुयायी बन । अनि मात्र संसार सागरबाट पार हुन्छ ।

यसको विपरीत गौतम बुद्धको उपदेश देखिन्छ । एक दिनको कुरो हो- तथागतले आफ्नो निजी सचिव (सेवक) भिक्षु आनन्दलाई भन्नुभयो- 'आनन्द, हात फैलाउनु, तिमीलाई म केही दिन चाहन्छु ।'

आनन्दले हात फैलाएपछि बुद्धले हातभरी फूल राखिदिनुभयो । तथागतबाट हातभरी फूल पाएपछि आनन्द साह्रै खुशी भए ।

गौतम बुद्धले सोध्नुभयो- आनन्द, संसारमा यही मात्र राम्रो फूल छ कि अरु पनि छ ?

भन्ते- अरु पनि राम्रा राम्रा फूलहरु छन् भनी आनन्दले उत्तर दिए ।

गौतम बुद्धले भन्नुभयो- यदि तिमीहरुलाई कसैले राम्रो फूल दियो भने के तिमीले अस्विकार गर्ने ?

आनन्दले भन्नुभयो- अस्वीकार नगर्ने भन्ते ।

तथागतले भन्नुभयो- यस्तो मेरो उपदेशलाई मात्र दृढरुपमा ग्रहण गरिरहने होइन, जहाँ जस्ले पनि राम्रा र हित हुने, जनहित कुरा भनेको खण्डमा स्वतन्त्र विचारले मनन गरी ग्रहण गर्नुपर्छ । हिचकिचाहटको केही कारण छैन । तर कुनैधर्म होस् न बुझीकन आँखा चिम्लेर ग्रहण गर्नु उचित होइन ।

यो बुद्धको उपदेशले संकुचित साम्प्रदायिकतालाई महान वज्र प्रहार गरेको छ । गौतम बुद्धले ठीक भन्नुभएको छ- **धर्मग्रन्थमा लेखेको छ भन्दैमा, कसैले भनेको आधारमा, कुनैपनि कुरालाई विश्वास गर्नु हुँदैन** । आफ्नो बाजे र साथीहरुले मानिआएको भनी विश्वास गर्नु हुन्न । बरु आफ्नो बुद्धिले काम लिई विचार गर्न सक्नु र गर्न सक्नु पर्छ । यदि त्यो काम हित र लाभदायक सिद्ध हुन्छ तथा बहुजन हिताय, बहुजन सुखाय हो भने स्वीकार गर्ने अन्यथा नगर्नु ।

गौतम बुद्धले त त्यही कामलाई धर्म भन्नुहुन्थ्यो जुन कि बहुजन हित र बहुजन सुख समृद्धि हुन्छ । अरु धार्मिक सम्प्रदायहरुले जनताको ध्यान इहलोकबाट मोडी यो संसारलाई तुच्छ गरी परलोकमा लैजान कोशिस र प्रयत्न गर्छ । परन्तु बुद्ध परलोकको कुरा नगरी इहलौकिक सुखलाई जोड दिनहुन्छ । त्यसैले वहाँको उपदेश र धर्मलाई (सन्दिट्ठिको) यही जन्ममा देखिने (अकालिको) पछि फलदिने होइन, अहिलेको अहिले नै फलदिने धर्म हो । यही नै बुद्धधर्मको विशेषता हो ।

अर्को कुरो हो मानव मानवको बीच कुनै प्रकारको भेदभाव छैन । **जन्मले कुनै नीच र उँच जात हुँदैन । कर्मले नै नीच र उँच हुन्छ** । बुद्धले भन्नुभएको छ :-

न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो,
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ।

बौद्ध समाज, जस्तो कि गंगा, यमुना, बाग्मति आदि नदी कहाँदेखि शुरु भई समुन्द्रमा गएर एउटै बन्छ, एकै रस हुन्छ, त्यस्तै विभिन्न प्रकारका वर्ग र जातिका मानिसहरु बुद्धधर्म ग्रहण गरिसकेपछि आफ्ना जाति र थरलाई पंछाई एउटै जाति हुन जान्छन् । यो बुद्धधर्मको

महान क्रान्तिकारी कदम हो । बुद्धधर्म समानतावाद हो । प्रसिद्ध महायानी आचार्य धर्मकीर्तिको कथनबाट यो कुरा स्पष्ट हुन्छ । बुद्धशिक्षा र बौद्ध शिक्षामा अन्ध विश्वासलाई स्थान छैन । आचार्य धर्मकीर्ति भन्नुहुन्छ ।

वेदप्रमाणं कश्यचित् कर्तुवाद
स्नाने धर्मेच्छा जातिवादव लेप:
सन्तापांग: पापहानाय वेति
ध्वस्त प्रज्ञाना पंचलिंगानिजाडये

अर्थात् **वेदगल्ती हुन सक्दैन भन्ने विश्वास संसारको श्रृष्टिकर्ता छ भन्ने धारणा, पुण्यतीर्थ स्थानमा स्नान गर्न धर्म मान्नु, कुलवादले घमण्ड हुनु, पापनाश गर्नको निमित्त शरीरलाई आवश्यक दु:ख दिनु, यी पाँच विश्वास विकृत मस्तिष्कको लक्षण हो ।**

अभाग्यवश नेपाली बौद्ध समाजमा पनि यी पाँच ध्वस्त प्रज्ञाका लक्षणहरुले राम्रास्थान पाइसकेको देखिन्छ । बुद्धधर्म आचरणमा भर पर्छ । तर तृतीय शताब्दीमा बौद्धहरुले स्वार्थवश सदाचारमा आस्था नराखी तन्त्रयान, वज्रयान मार्ग अपनाई बुद्धधर्मको अस्तित्वमा नयाँ चुनौति थप्ने कार्य गरिदिए भने अस्तित्वमै प्रश्न चिन्ह खडा गरिदिए ।

**बुद्धधर्म आचारणमा भर पर्छ । तर तृतीय शताब्दीमा बौद्धहरुले स्वार्थवश सदाचारमा आस्था नराखी तन्त्रयान, वज्रयान मार्ग अपनाई बुद्धधर्मको अस्तित्वमा नयाँ चुनौति थप्ने कार्य गरिदियए भने अस्तित्वमैं प्रश्न चिन्ह खडा गरिदिए ।**

बुद्धधर्मको अर्को महत्त्वपूर्ण कुरो देव बह्मादि कुनैपनि अमानवीय शक्तिको सहायता विना आफ्नै उत्साहले स्वतन्त्र विकास हुनुपर्छ । अर्थात् चिन्ताबाट तथा जीवन मुक्तिको लागि देवीदेवताको भरोसामा निर्भर रहनु हुँदैन । आफ्नो मालिक आफै हो **'अत्ताहि अत्तनो नाथो'** अर्थात् आफनो खुट्टामा उभिन सक्नुपर्छ । के गरुं कर्ममा लेखेको छैन भनी कर्मलाई दोष दिई चुपचाप हात बाँधी बस्नु हुँदैन । उत्साह प्रयत्न गर्नुपर्छ अनि कर्ममा नभएको पनि उत्पन्न हुन्छ, कामसिद्ध हुन्छ । कर्मलाई दोष दियो भने कहिले पनि उन्नति गर्न सक्दैन ।

अर्को उल्लेखनीय कुरो गौतम बुद्धले भन्नुभएको छ 'कुल्लुपमं भिक्खवे धम्मं देसेमि' भिक्षुहरु तिमीहरुलाई म यस्तो धर्मको उपदेश दिन्छु -खोला, नदी तर्नलाई डुंगाको सहयोग चाहिन्छ । खोला तरिसकेपछि डुंगाले उपकार गर्‍यो भनी कसैले पनि त्यो डुंगालाई कांधमा बोकी हिँड्दैन । त्यस्तै मेरो धर्म पनि जहाँ पनि, जैले पनि बोकेर हिंड्नलाई होइन । डुँगाजस्तै धर्म पनि जीवन मार्गको काममा ल्याउनलाई मात्र हो ।

*(साभार- भिक्षु अश्वघोषका छानिएका रचनाहरु पुस्तकबाट)*

◆

# बुद्धकालीन ब्राह्मणहरु

✍ बसन्त मर्हजन

बौद्ध धर्म दर्शनको सन्दर्भमा ब्राह्मण समुदायको चर्चा प्राय: गैर बौद्ध सन्दर्भमा गरिएको पाइन्छ । गौतम बुद्धद्वारा देसित उपदेशसँग सम्बन्धित सबै विषयवस्तु बौद्ध हुन् । यस हिसावले बुद्ध र ब्राह्मण दुई विपरितार्थ शब्द नै हुन कि भन्ने आभास हुन्छ । कतिपय सन्दर्भमा 'ब्राह्मण हुँ, बौद्ध धर्मदर्शनतिर कसरी लाग्न सक्छु र ?' भन्ने संशय वा प्रश्नले बुद्ध र बौद्धका सन्दर्भमा अतिरन्जित चित्रण हुने गरेको दर्साउँछ । यो साँचो हो, बुद्धको दार्शनिक सिद्धान्त तथा सामाजिक गतिविधिप्रति तत्कालीन ब्राह्मण समाजले तीव्र प्रतिक्रिया दिएको थियो । बुद्धको प्रहार पनि तिनै ब्राह्मण समाजको सोचविचार तथा जीवनदर्शनप्रति नै लक्षित थियो ।

सुंग वंशका संस्थापक राजा पुष्यमित्रले कोही बौद्ध भिक्षुको शीर छेदन गरी बुझाउन ल्याउनेलाई इनामबापत निश्चित दिनारको घोषणा गरेबाट पनि यी दुई विचार धाराको सम्बन्धबारे स्पष्ट हुन्छ । तर बुद्धको उपदेश ग्रहण गरेर भिक्षुत्व ग्रहण गर्ने 'पञ्चभद्र वर्गीय भिक्षु'का रुपमा चिनिएका पाँच भिक्षुहरु ब्राह्मण समुदायबाटै थिए । बुद्धका अग्रश्रावकद्वय सारिपुत्र र मौद्गल्यायन पनि ब्राह्मण नै थिए । महाकाश्यपलगायत थुप्रै प्रभावशाली भिक्षुहरु पनि ब्राह्मण नै थिए । बुद्धको महापरिनिर्वाणपछि पनि बौद्ध धर्ममा ब्राह्मणहरुको प्रवेश निरन्तर भइ रहेको पाइन्छ र आजपर्यन्त यो जारी छ । बौद्ध धर्मको विकास र विस्तारमा ब्राह्मण वर्गको योगदानलाई मुक्तकंठले प्रशंसा गर्नै पर्दछ । यस सन्दर्भमा बुद्ध र ब्राह्मणको बुझाइमा पुनर्विचार गर्नु आवश्यक छ ।

बौद्ध धर्मको श्रावकयानअन्तर्गत थेरवादी परम्पराले मान्दै आएको आधिकारिक ग्रन्थ 'त्रिपिटक'मा ब्राह्मणको चर्चा पाइन्छ । महायानअन्तर्गतका ग्रन्थहरुमा पनि यस्तै गरी ब्राह्मणका सन्दर्भहरु पाइन्छन् । कसलाई ब्राह्मण भन्ने वा नभन्ने प्रश्नको जवाफ पनि पाइन्छन् । 'धम्मपद'मा ब्राह्मण वर्ग भनेर छुट्टै अध्याय छ । यसरी नै भिन्नाभिन्नै सूत्रहरुको अध्ययनबाट तत्कालीन ब्राह्मण समाजको सर्वाङ्ग पक्षलाई बुझ्न सकिन्छ । सन्दर्भवस उल्लेख हुने ती वर्णनहरु खोज्नै पर्ने हुन्छ तर आचार्य डा. भिक्षु अमृतानन्द (वि.सं. १९७५-२०४७) बाट यो असाध्य काम भएको छ । ती जम्मै प्रसङ्गलाई एकत्रित गरी आनन्दकुटी विहार गुठीले 'बुद्धकालीन ब्राह्मण' भाग १ (वि.सं २०२८) भाग २ (वि.सं २०३४) र

भाग ३ (वि.सं २०३४) प्रकाशित गरेको थियो । अन्य शीर्षकमा पनि प्रकाशित ती जम्मै ग्रंन्थहरु बजारमा अप्राप्य भएको अवस्थामा सबैलाई समेटेर पाटनस्थित वीर-पूर्ण पुस्तक सङ्ग्रहालयले जम्मा २७ ग्रन्थ समेटेर साढे १३ हजार पृष्ठमा 'बुद्धकालीन नेपाली विश्वकोश' प्रकाशन गरेको छ ।

'त्रिपिटक' ग्रन्थको अध्ययनका लागि मौलिक पाली भाषामा पहुँच नभएका वा अनुवाद नै पढ्न पनि सहज नभएकाहरुलाई यो विश्वकोश राम्रो माध्यम बन्न सक्छ । यसमा बुद्धको सम्पर्कमा पुगेका विभिन्न ६३ जना ब्राह्मणको व्यक्तिगत चरित्र चित्रण गरिएको छ । त्यही चित्रणका क्रममा तत्कालीन ब्राह्मण समाज, तिनका सोच विचार र जीवन दर्शन मात्रै नभएर बौद्ध धर्मदर्शनकै विशिष्ता उजागर भएको छ । बुद्धका उपदेशहरु यस्तै विभिन्न व्यक्तिसँगको सम्बादमा संग्रहित भएको अवस्था हो ।

**को हुन् ब्राम्हण ?**

मगधराजा बिम्बिसारद्वारा दत्तजनाकीर्ण (अपार धनसम्पति दानस्वरुप पाएको) एवं चम्पाका स्वामी सोणदण्ड ब्राह्मण दलबलसहित जातीयतासम्बन्धी बुद्धसँग सम्वाद गर्न आउँदा बुद्ध प्रश्न गर्छन्- "ब्राह्मणहरु कति गुणले युक्त पुरुषलाई ब्राह्मण मान्दछन् ।

सोणदण्डले पाँच गुणले युक्त भएको पुरुषलाई ब्राह्मण भनिन्छ भनेर जवाफ दिए । ती पाँच गुण निम्न प्रकारका छन् **१. जातीयतामा दुबै तर्फबाट शुद्ध, २. अध्यापक (वेदपाठी, मन्त्रधर), ३. अभीरुपी, दर्शनीय, गौर वर्णयुक्त, ४. शीलवान र ५. पण्डित मेधावी ।** बुद्धले यी पाँच गुणमा एकलाई छाड्न सकिन्छ ? भनेर प्रश्न गर्दा ३ नम्बरमा रहेको अभिरुपी, दर्शनीय, गौर वर्णयुक्तलाई छाडन् सकिने जवाफ दिन्छन् किनभने अरु गुणका अगाडि यो ठूलो कुरा होइन । पाँच वटा गुणमा चार गुण बाँकी रहयो । बुद्धले चारमध्ये पुनः अर्को एउटा पनि गुणलाई छाड्नु परे कसलाई छाड्न सकिन्छ भनेर प्रश्न गरे । सोणदण्डले दुई नम्बरमा रहेको गुण 'अध्यापक (वेदपाठी, मन्त्रधर)' छाड्न सकिने बताए । अब बाँकी रहयो तीन तीन गुणमा पनि एउटा छाड्नु परे कसलाई छाड्न सकिन्छ भनेर सोध्दा पहिलो गुण दुबैतर्फबाट शुद्ध जन्मेको गुण छाड्न सकिने बताए । अब बाँकी रह्यो दुई गुण-शीलवान र पण्डित मेधावी । बुद्धले पूर्ववत् प्रश्न गर्दा सोणदण्ड ब्राह्मणले यी दुई गुणलाई छाड्न नसकिने जवाफ दिए । यसको तात्पर्य हो, जन्ममा आधारित जातिवाद, वर्ण, पण्डित्याइँ ठूलो कुरा होइन ।

श्रावस्तीस्थित जेतवन विहारमा बुद्ध र एसुकारी नामक एक ब्राह्मण बीच सम्वाद भएको थियो । सम्वाद एक वर्णले अर्को वर्णको कसरी सेवा गर्नु पर्छ भन्ने विषयमा केन्द्रित थियो । बुद्धले यसमा कसले कसको सेवा गर्ने भन्ने विधान बनाउँदा ब्राह्मणलाई अरु वर्णका मानिसले सो अधिकार दिएको वा नदिएको भन्ने प्रश्न हुन्छ । त्यस्तो प्रकारका कुनै पनि अधिकार अन्य वर्णले नदिएको जवाफ पाएपछि बुद्धको प्रतिक्रिया हुन्छ- "त्यसो भए जस्तो कि- आफ्नो भन्ने केही नभएको, कुनै अन्य सम्पत्ति नभएको दरिद्र मानिसलाई,

उसको इच्छाको विरुद्ध हे पुरुष ! यो मांसभाग तिम्रो खाना हो, यसको पैसा तिमीले तिर्नुपर्छ भनी (जबर्जस्तीसँग) भाग लगाइ दिन्छ, त्यस्तै ब्राह्मणहरुले पनि कसैको अनुज्ञा विना नै यी चार प्रकारका स्व-धन प्रज्ञापन गरेको ठहरिन्छ ।"

एक समय गौतम बुद्ध इच्छानंगल नामक ब्राह्मण ग्रामसँग रहेको वनमा थिए । पौष्करसाति ब्राह्मणले बुद्धका बारेमा सुने र आफ्नो योग्य शिष्य अम्बठ्टलाई भगवान बुद्धकहाँ गई दर्शन गर्न पठाए । तर अम्बट्ठमा आफू ब्राह्मण भएको र शिक्षामा पनि उच्च रहेको भनी अभिमान थियो । यही अभिमानका कारण बुद्धप्रति श्रद्धा राख्नुको बदला बुद्धको नै अपमान हुने व्यवहार गर्न थाले । अपमान गर्ने क्रममा शाक्य जातिलाई चण्ड पनि भन्न पुगे । उनलाई बुद्धले विस्तारै अम्बठ्ट मानवको पुर्खा शाक्यहरुकै दास रहेको कुरा ऐतिहासिक पुष्टि गरिदिए । साथै बुद्धले अन्त्यमा अम्बठ्टमा रहेको जातिवादको भ्रम हटाइदिए । यो घटनापछि पौष्करसाति पनि बुद्ध कहाँ गइ शिष्यका तर्फबाट माफी माग्नुसाथै धर्मउपदेश सुनेर बुद्धको उपासकत्व ग्रहण गर्न पुग्छन् ।

वाशिष्ठ (पोष्करसातिका शिष्य) र भारद्वाज (तारुक्षका शिष्य) बीच एउटा विवाद हुन्छ- 'जो मातृकुल- पितृकुलबाट सात पीढिसम्म शुद्ध छ, उही ब्राह्मण' हो कि 'जो शीलवान छन् अथवा व्रत नियम पालना गर्दछ उही ब्राह्मण ।' यस प्रश्नलाई लिएर दुबै ब्राह्मण बुद्धकहाँ पुग्छन् । बुद्धले ती दुई ब्राह्मणका प्रश्नको जवाफमा निम्न उपदेश दिन्छन्- जीव जन्तुमा जातिभेद स्पष्ट देखिन्छ तर तिनीहरु तल्लो र मल्लो जातिका कुरा गर्दैनन् । तर, त्यस प्रकारको जातिभेद मनुष्यमा पाइँदैन ।"

श्रावस्तीमा हवन गरिरहेका अग्निक भारद्वाज ब्राह्मण भिक्षाटन आएका गौतम बुद्धप्रति लक्षित गर्दै चिच्याउँदै भन्छन्, 'त्यही रोक वृषल, रोक ।' र बुद्ध उनीसँग प्रश्न गर्छन्- 'ब्राम्हण, तिमीलाई थाहा छ, वृषल (नीच) बनाउने के ले रहेछ भन्ने कुरा ?' यसै सन्दर्भमा बुद्ध उपदेश दिन्छन्- "ब्राह्मणी आमाको कोखबाट जन्मेकै कारणले म कसैलाई ब्राम्हण मान्दिन । ऊ त भोगवादी ब्राह्मण सदृश्य व्यवहार गर्ने हो । परिग्रह हो । म त अपरिग्रह एवं अयाचकलाई नै ब्राह्मण मान्छु ।"

कोसल जनपदको सुन्दरिक नदी किनारमा विहार गरिरहेका बखत सुन्दरिक भारद्वाज नामका ब्राह्मण आएर बुद्धको जातिबारे सोध्छन् र बुद्धले आफू कुनै पनि जातको नभएको जवाफ दिन्छन् । बुद्ध भन्छन्- 'जातको बारेमा नसोध्नु, आचरणका बारेमा सोध्नू । काठबाट आगो निस्कन्छन् । यसरी नै नीच कुलमा जन्मे पनि मुनि धृतिमान् उत्तम र लज्जायुक्त कामबाट टाढा बस्ने हुन्छन् ।'

कसलाई ब्राह्मण भन्ने वा कसलाई नभन्ने, ब्राह्मणको गुण के के हुनु पर्छ आदिबारे उपदेश संग्रहित धम्मपदको एउटा गाथा प्रसिद्ध छ,-

**न जटाहि न गोत्तेहि न जच्चा होति ब्राह्मणो यम्हि सच्चञ्च धम्मो च सो सुची सोच ब्राह्मणो (धम्मपद ३९३)**

**अनुः जटाधारी हुँदैमा, गोत्र पाउँदैमा, जाति मात्रले पनि ब्राह्मण हुँदैनन । जोसँग**

**सत्य र धर्म हुन्छ उही पवित्र हो । ब्राह्मण हो ।**

**प्रतिभावान ब्राह्मणहरू**

तत्कालीन ब्राह्मण समाज एउटा व्यवस्थित र नीतिनिर्देशनबाट निर्दिष्ट भएपनि विविधताले युक्त भएको देखिन्छ , कोही जडतामा जकडिएका रहेछन् भने कोही ज्ञान पिपासु । सारिपुत्र र मौद्गल्यायन दुई ज्ञानपिपासु ब्राह्मण थिए र एउटै गुरुकुलमा बसेर अध्ययन गरिरहेको भएपनि यी दुई ब्राह्मणबीच एउटा समझदारी बनेको थियो, जसले जहाँबाट ज्ञान प्राप्त गरेको भएपनि आपसमा बाँड्ने । एक समय बाटोमा गइरहेका बेला भिक्षुबाट बुद्धका बारेमा थाहा पाए र 'यस जगतमा जति पनि धर्म छन्, हेतुका कारण उत्पन भएका हुन् र त्यो हेतुका बारेमा बुद्धले भनेको छन्, यी धर्महरुको निरोध पनि हुन्छन् र महाश्रवण (बुद्ध) ले यसको निरोधका बारेमा पनि बताएका छन्' भनेर थाहा पाए । बुद्धका बारेमा यति जान्नु नै उनीहरुलाई काफी थियो र दुबै मित्र बुद्धको समक्ष पुगी भिक्षुत्व ग्रहण गरी चाँडै अग्रश्रावकको पद लिए ।

बुंद्ध सबैलाई समान व्यवहार गर्दथे । उनका लागि जाति, वर्ण, गोत्र सबै अर्थहीन थियो । बुद्धको यही विशेषता तत्कालीन ब्राह्मण समाजलाई अपाच्य भएको थियो । निकै आलोचित पनि भए । तर बुद्धलाई यस कुराको पर्वाह थिएन तर यसै सन्दर्भमा ब्राह्मणसँग हुने छलफल वा सम्वादपछि ब्राम्हणहरु रुपान्तरित हुन्थे । रुपान्तरणको यो प्रक्रियामा रोचक र उल्लेखनीय कुरा हो- बुद्ध वा बौद्ध भिक्षुहरुसँगको संक्षिप्त वार्तालापबाटै ब्राह्मणहरुले धर्मबोधि गरिसक्ने । तुलनात्मक रुपमा छोटोछोटो उपदेशबाटै ब्राह्मणहरुले धर्मबोध गर्ने गरेको दृष्टान्तले के बुझाउँछ भने ब्राह्मणहरु अनेक शास्त्र र विद्याको अध्ययन र वादविवादबाट निखारिने हुनाले बुद्धका उपदेशलाई पनि चाँडै बुझ्ने क्षमता राख्दा रहेछन् । साथै, ज्ञानका पिपासु ब्राह्मणहरु बुद्ध समक्ष तत्कालै उपासकत्व वा प्रवज्याको याचना गरिहाल्ने गरेको पनि पाइन्छ ।

बुद्धप्रति विद्वेष भाव राख्ने ब्राह्मण पनि उत्तिकै थिए । बुद्ध र बौद्ध भिक्षु-भिक्षुणी तथा उपासक-उपासिकाप्रति अपमान गर्ने तथा असहज बातावरण सिर्जना गर्नेहरु पनि थिए । बुद्ध पुग्ने गाउँमा खाने पानीको समस्या होस भनेर बुद्ध पुग्ने गाउँमा फोहर पार्ने तथा इनार पुर्ने अभियान नै थाल्नेहरु पनि थिए । बुद्धप्रतिको यो द्वेषभावमा सहमत हुन नसक्ने पनि ब्राह्मण नै हुन्थे । कोशल देशका राजा प्रसेनजित्‌ले आफ्ना पुरोहितहरु चङ्की ब्राह्मणलाई उक्कट्ठा नगरको शुभगवन, तोदेय्य ब्राह्मणलाई तुदु गाउँ, लोहिच्च ब्राह्मणलाई सालवति गाउँ दिएजस्तै जानुस्सोणी ब्राह्मणलाई कुनै भूसम्पत्ति प्रदान गरिएको थिएन ।

आचार्य डा. भिक्षु अमृतानन्दको अनुमानअनुसार जानुस्सोणि ब्राह्मण स्वयं अस्सी करोड धनसम्पत्तिका मालिक भएका कारण त्यस्तो भएको हुनुपर्छ । वैभवपूर्ण जीवन बिताइरहेका यी लगायत अन्य ब्राह्मण पनि बुद्धको शरणमा आएको पाइन्छ । कतिपय ब्राह्मण आफूले कमाएको यश र प्रतिष्ठाका कारण बुद्धको अभिवादन गर्दा अरुले के भन्ला भन्ने संकोच मान्थे तर मनमा

अत्यन्तै श्रद्धा राख्थे र यो कुरा बुद्धसँग व्यक्त गर्थे पनि ।

आफ्नो सम्पूर्ण पृष्ठभूमिलाई परित्याग गरी बुद्ध, धर्म र संघमा समर्पित हुने ब्राह्मणहरुले गर्दा पनि यो धर्म बुद्धकै बेलामा दिन दुई गुना र रात चार गुनाका दरले चारैतिर फैलन पुगेको मान्दा अतिशयोक्ती नहोला । बुद्धको महापरिनिर्वाण अन्तिम संस्कारका लागि भिक्षु संघ महाकाश्यम महास्थविरलाई पर्खेर बसेको थियो । भिक्षु सङ्घमा उनी निर्णायक अवस्थामा थिए । र, उनैको नेतृत्वमा प्रथम बौद्ध संगायन सम्पन्न भएको थियो ।

बुद्धले आफू पछि कसैलाई पनि धर्माधिकारी घोषणा गरेका थिएनन् र त्यस्तो व्यवस्था गरेको भए निश्चित रुपमा छानिने भिक्षु महाकाश्यमको पृष्ठभूमि ब्राह्मण नै थियो । त्यसपछिका दिनहरुमा पनि ब्राह्मण जातिको प्रवेश उल्लेखनीय छ ।


**प्रेरणा के लिने ?**

समयले धेरै कोल्टे फेर्दा अहिले अनर्थ हुन पुगेको छ । बौद्ध धर्मदर्शन र ब्राह्मणबीच अहिले एक प्रकारको दूरी पाइन्छ र संशयको दृष्टिले हेरिनुको खास कारण भारतमा बौद्ध धर्मविरुद्ध ब्राह्मण वर्गको भूमिका हुनु हो । मुसलमानी आक्रमणका कारण भारतमा बौद्ध धर्म विलय भएको भन्ने स्थापित मान्यता पर्याप्त छैन किनभने उक्त घटना भन्दा सयौं वर्ष अघिदेखि नै बौद्धधर्म विरुद्ध ब्राह्मण वर्गको अभियान यसका दृष्टान्त हुन् । तर, ईख र द्वेष भाव राख्नु बौद्ध आचरण विपरित हुने भएका कारण इतिहासका ती पन्नाहरुले वर्तमानमा कुनै सरोकार राख्दैन । बौद्ध इतिहासमा ब्राह्मण वर्गको योगदान भुल्न मिल्दै र ज्ञानको सागरमा सबैको पहुँच हुनुपर्छ जसले सबै लिङ्ग, जाति, वर्ण, भाषाभाषी तथा भूगोलको कुनै पनि कुनामा रहेको प्राणीले धर्मबोध गर्न सकून् ।

'बुद्धकालीन ब्राह्मण' ग्रन्थमा समेटिएका ६३ ब्राह्मणको चरित्रबाट लिने प्रेरणा यही हो । ग्रन्थको तीन वटै भागमा नसमेटिएका तर प्रतिष्ठित भिक्षुका रुपमा चिनिएका पञ्चभद्रवर्गीय, सारिपुत्र, मौद्गल्यायन, महाकश्यमलगायतका थुप्रै प्रतिष्ठित भिक्षुहरुबाट लिने प्रेरणा त छँदैछ ।

◆


बौद्ध साहित्यिक पत्रिका
"अर्हत्" त्रैमासिक निरन्तर प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछ ।



प्रो. भूवन गोसाईं
युथ सेलेक्सन
पाण्डुबजार, भक्तपुर
५०१२३७१, ९८४१५४३३३१

# शिक्षा संस्कार

✍ चित्तधर हृदय

बृद्धि जुल थौं भति कन्हे भति शुक्लपक्षे चन्द्र थें,
न्यादँ फुत सुथया निभाः सिद्धार्थ चुलिजाः वृक्ष थें।
दुन्य क्यबे वा चुकस वःसां थःगु जोपिं मित्रत
यक्व दःसा नं न्ह्यबोसा म्हित्यत नाकं मन मतः।
छ्ख्यर पासापिन्त तोताः च्वनिगु याकःचा छ्ख्य
अमि "कुमार! कुमार!" धाधां माःजुयाः च्वनि उख्य थुख्य।
थुगु खँ नृपतिं फुक सियाः थौं बचन लुमनाः असितया
तेजशाली ख्यूँल ख्वाः भति मनस अति धन्दा जुयाः।
गुरुकुले निं छ्वेवगु इच्छां शीघ्र शिक्षित ज्वीक्यत
याय्त बुसँखा कुलपुरोहितपिन्त नं सःतक्य छ्वेत्।
नौ सँ खाक्यत वल वहः खोचा लुँ खोचा नं ज्वना,
निनिपिसं फय् त्यन सँ रत्न थुना लुँ थायुभु ल्ह्वना : ल्ह्वना :
लग्नया बेलाय् सँखाकाः कलशहाय्काः छ्यूँ सिकाः
अगर, कुंकुम मृगमदादि सुगन्धया सिन्हलं तिकाः
मंत्र सहित जना क्वखाय्कल तनस न्येकाः गा छपु,
मृगअजिन व म्हिचा दु याक्वे तयूतः फल फूल व सफू।

कटिस केवल पाटया न्ह्यकू ह्वः ना कयूता छपु
जवगु ल्हाते छाःगु फ्वसिकथि खवगु ब्वहले धनु पपू।
थुगु प्रकारं ब्रम्हचारी वेश यानाः लाय्कुली
द्वारया पिन्य च्वंगु मुख्य गणेशयाथाय् देगुली
न्होन्य मङ्गल गोत हाय्का वाद्य थाकाः सुन्दर
यन लूँ यागु क्वतः क्वब्बीकाः संक स्वांमाः फरफर।
वन फुकीपिं फुक तियाः म्हे रत्न भूषण कुण्डल,
धुं ज्वनाः ल्यूल्यू निमन्त्रितपिं महाजनपिं वल।
स्वां सिन्हः नैवेद्य धुं मत नाप छायाः छपु पताः
माःगु पूजा फुक सिधय्कल वर फ्वना निविध्नता।
जुजु सहित मन्त्री प्रधानत सल गयाः सकलें वनाः
योम्ह कंठक गःम्ह गौतम आश्रमे दुन्य दुत यनाः
योग्ह विश्वामित्र कुल गुरुयात लः ल्हानाः बियाः
माघ श्रीपञ्चमि ज्वनाः दिन दक्षिणा किसली तयाः
कोखिकाःचां थः मचा कोयात लहिकै थें अन
प्रिय पुता तोताः निरापद बनस जुजु ल्याहां वन!
प्रथम ग्वरले च्वकल रेखा सीमदय्क गियाः गियाः
च्वत कुमारं नं सलामं थः मयोगु हुयाः हुयाः।
स्वर म्हसीवं मेगु व्यञ्जन सीक्य बिल ल्हातं थियाः
वर्ण परिचय ज्वीव बिल सुन्दर सुशिक्षा नीतिया।

"तात शाक्यकुलाधार! न्हापां गुगु खँ जिं कन्य
लुमंकाः तयूगु बांलाक व खँ छता छता मने।
लिपते ज्वी ध्व खं लाभ थः मामं यायिथें हित,
ज्वी यौवने मुनाः तःगु धनं ला हित किञ्चित।
गुगु देशे मसै विद्या, मदु दाजु किजा गन,
मज्वी थाय् जीविका, मान मच्वन्य छन्हु नं अन।
ज्वीबले दुःख दुर्भिक्ष शत्रु स्यंकैबले गति
राजद्वारे, दिपे नापं वैपिं हे जक थः थिति।
स्यंकैम्ह ब्याक्क ज्या ल्यूँन्यं न्ह्योन्यं वचन कस्तिम्ह
दुरु इला विषं जाःगु घः थें तोति सुहृद् उम्ह।

सस:मां गुरुमां, थ:मां राजपत्नी व त्वाय्कला:
न्याम्हं हे भा:प्यमा: मां थें जूसां अत्यन्त चञ्चला ,
मां थें ख: परया नारी, चाग: थें धन मेपिनी,
प्राणीपिं ब्याक्क थ: खंसा वैत ज्वी स्वर्ग मेदिनी।
मनं भा:पा:गु ज्या छुं हे म्हुतुं प्रकाश याय्मज्यू
गुप्त रुपं मने स्वीका: ज्यां जक क्यन्यमा: उगु।
मब्बंकु गुमिसं शास्त्र मां बौ सां ख: अपिं अरि
छाय्! ज्वीमखु सभाय् शोभा हँय्तय्थाय् वक थें जुयि।
कुलया कारणे काय् वाय् ग्रामया कारणे कुल
देशया हेतु वाय् गाँ नं विश्वार्थे गन गां कुल।

बलि आपा बिया: फूगु, अति गर्ब दशानन,
यन बांला:गुलि सोता, आपा छूं याय् मज्यू थन।
मथूसां विष ज्वी विद्या, प्वा: स्या:सा विष अन्न नं
दरिद्रया फुकीपिं नं बृद्धसा विष ल्यास्य नं।
प्रवासे मित्र ज्वी विद्या मिसा मित्र गृहे गृहे
रोगीया मित्र ज्वी वास: सीबले मित्र धर्म हे।
मा:गु विद्या मस:सा छं भिंगु हे कुल सां छुयाय्
क्वजा: सां गुम्ह ज्वी बिद्वान् व हे ज्वी मान्य लोकया।
बरु ज्यू बन हे जूसां धुँ किसि सिंह सेवित
धन हीन जुया: म्वाय्गु बन्धु मध्ये मजू हित।
न खुया: यनि खुं विद्या, मिं नया: भस्म ज्वी मखु,
सर्बे काय्मफु राजा नं, दान या:सां ध्व फ्वी मखु।
ज्वीगु विद्वान् व भूपाल गब्लें ज्वी मखु न्हां सम
थ:देशे जुजुया मान न्हाथासं मान्य प्राज्ञम्ह।
या त:मा तरुया सेवा दुगु कचा सिसाफल
छूं जुया: सि मस:सानं किचलं जुयि शीतल।
सत्य वचन हे ल्हाय्गु, ल्हाय्गु नायूगु यो गुगु
मयोसा यदि श्रोताया मल्हाय्गु सत्य नं उगु।
सम्पूर्ण धर्मया सार निगू वचन व्यासया
परोपकार ख: पुण्य पाप स्यंक्यगु मेवया।

बरु ज्यू जन्तुतय् नाप हिला: ज्वीगु बने बने
इन्द्रया भवने जूसां मूर्ख नाप मज्यू च्वन्य।
दुर्जन योग्य जू वांछूवे स:सां नं शास्त्र सुन्दर
सर्पया मणि दय्‌वं हे छु मज्वीला भयंकर !
नस्वा: नस्वा:गु स्वांज्वा:या मनस्वीया निगू गति
लोकया शिरया शोभा वा वने हे गना: वनि।
फैमखु सहयाय् मानी वश्यता ज्वीगु मेवया
तुतिं थ्वाय्व लँया धूनं छयँले लाइ ब्वया: ब्वया:।

(अनुष्टुप)

मदु सूर्यकान्त मणियाक्य चेतना
अथ्य नं थिना: वयि निभा: खना: खना:
गुम्हस्याक्य तेज दु छुया दरिद्र थें
परया प्रताप सह यायि वं अथें !
दयि धैर्य आपदस, क्षान्ति जीवले,
मुनिथाय् खँ ल्हाय्फूगु व वीर्य ल्वाय्बले,
दयि वेद्‌या ब्यसन, लोभ कीर्तिया,
थुलि ख: स्वभाव जगते महानया। (मञ्जुभाषिणी)
ताहा:गु न्हापा क्षय ज्वी सुथें किपा
ताहा: जुजुं हे वनि बान्हिया लिपा।
पा:ज्वी लिपा दूर्जनतय्‌गु मित्रता
भं बृद्धि ज्वी सज्जन नाप एकता।

ज्वी नम्र धात्थें फल सय्‌व वृक्ष नं
ल: प्व: चिना: क्वे वयि प्राय मेघ नं।
ऐश्वर्य द:सां जुयि नम्र सज्जन
ख: ख: ध्व स्वाभाविक सन्तया गुण। (इन्द्रवंशा)
साहित्य, गीत व कला मदुसा मनुष्य
न्यकू न्हिप्यं मदुम्ह सां पशु ख: अवश्य
म्वाना व च्वंगु गुगु ख: थन धाँय् मन: सां
धात्थें मपा: ध्व पशुतय् शुभ भाग्य धा:सां।
पापं लिची कयि सुनां हित कार्य याकै,

याना: प्रचार गुण गुह्य खँ तोपुया: तै,
दु:खे मतोतुस्य बिया: च्वनि अर्थ मा:सां
ज्ञानीपिसं थुमित धायिगु भिंम्ह पासा।
निन्दाजु थ:गु अथवा स्तुति माक्व जूसां
द:सां गृहे विभव वा धन ब्याक्क पूःसां
म्वाय् दैगु सां युग युगान्तर सीगु थौं सां
न्यायं छुया लिचिलि धीरत न्हयाग्गु जूसां। (वसन्ततिलका)
स्याय्फै ख्वाँगु ल:लुना: मि, तय फै छत्रं निभा:ज: पना:,
अंकूशं गजयात, गर्दभ व सा ख्याय्फै कथिं पा: च्वना:
ल्वे नं छ्वेव फु अनेक औषध नका: यस्यात मंत्रं पुया:,
वास: यक्व दु मेगुया, मदु छुयाय् वास: छतां मूर्खया।

ब्रंम्हां या: जुल सृष्टि छाय् मदिक हे धात्थें कुम्हा: थें जुया,
विष्णुं नं अवतारया सुखदुखे हयूजूगु चा:चा: छुया ?
भिक्षा फ्वंजुल चन्द्रशेखर शिवं छाय् पात्र ल्हाते कया:
न्हिन्हिं ल्वीगु इले इले अरुण छाय् ? धैच्वंगु ख: 'कर्मया'।
(शादूलविक्रीडित)
गनं घाँय्या लासा, रुचिर मृदु लासा दयि गनं,
गनं शाकाहारी, मधुर दुरु ध्यो जा नयि गनं, गबलें भिंगु वसतं
पुना: ज्वी भ्वाथ: सां गबलें भिंगु वसतं
मनं छुं हे ल्या: तैमखु दुखसुखे धीर पुरुषं। (शिखरिणी)
अप्रिय वचनं दीन, प्रिय खं अति त:मिम्ह
ख: न्हां ध्व पृथिवी शोभा थ: कलातं लुदं गुम्ह।
सी हे म्वा: थें मने भा:पा: याय् विद्या, धन आर्जन
आँगसें ज्वंगु थें कालं भिंगु ज्या यायगु याकन।"(अनुष्टुप)
थुगु प्रकारं यक्व हे उपदेश यायां नीतिया
नाप नापं मा:गु ल्या: नं स्यन प्रथम "छी नसि" धया:।
अंकगणित व नाप रेखागणित स्यन धो धो किया:
वीजगणित, त्रिकोण मिति स्यन क्षत्रमिति नापं तया:।
च्वकल ख्वीप्यंगू प्रकारं विविध अक्षरया लिपि
मागधी, प्राकृत व संस्कृत आदि भाषाया सिपी
सन्धि प्रत्यय भेद याका: व्याकरणया ज्याभलं
धातु लिङ्ग समास छ्याका: भाव- मुक्ता माय्कल।
अस्त्र विद्या स्यन्यत न्हापां वैत भति भति ब्वाकल,
तेलकासा नाप तिंतिं न्हवीगुया नं पा: वल।
तुति छपा तिं न्हवी व हानं मेगु ल्हा: तुति नं तना:
फेत्तुका: नं वैत तिं न्हवीकैगु पासापिं थना:।
आश्रमे उख्य थुख्य सरस फल स:गु बृक्षे गय्कल,
वैत सुन्दर पुष्प ह्व:गु लतास हुसुलं च्वीकल।
दुरु ल्वहँ:या शुभ्र त्वाथ: ध्यंक शीतल जल दुगु
विविध कमलं जा:गु ल:हँय्तय्गु क्रीडास्थल गुगु
स्वच्छ पुखुली वैत लालाकाय्गु स्यन थुतुमतु थुना,
दन्यगु थ:स:पाय्गु नापं म्हित्यगु सय्कल फेत्तुना:।
जात सीका: सल लहीगु व किसि लहीगुं बिल स्यना:,
गय्गु स्यन सल: किसि व रथ कल्याणयागु खिप: ज्वना:।
ब्रम्हचारी छात्रपिनी जो जो तिसाल्दय्कयि ल्यया:
न्ह्याबलें त्याकैगु गय् गय् गौतमं हे दा: स्वया:।
प्रथम कथि चा: ह्वीक्य बिल लिपतें म्हितिक्य बिल खन्द नं
अल्य धनुर्विद्या स्यना: बिल विविध रणया चाल नं।
चित्रया विज्ञान पुंज्या, मूर्ति दय्क्यगु शिल्प नं,
षडज, मध्यम ऋषभ, पन्चम, धैवत व गन्धार नं
सप्तनाद निषाद आदिक रागिणीत व राग नं
ताल लय नं सहित स्यन गान्धर्व विद्या माक्व नं।
शब्दया फुक अर्थ स्यन, दय्क्यगु सरल वाक्यावली,
यमक, उपमा, श्लेष आदिक काव्यकाननया कली,
छन्द मात्रा, गण सहित स्यन लघु व गुरुया लक्षण,
प्रेम, हास्य, करुण भयानक आदि गुंगू रस कन।
वैद्य-विद्या नाप नाप शरीरया विज्ञान नं
सीगु नारी, पुरुष लक्षण कामशास्त्र स्यना: हनं
वेद व्वंकल साम, यजु, ऋक् शब्द याका: साधन,
सांख्य, वैशेषिक व वेदान्तादि खुगुलिं दर्शन।
वार फुक आदित्य आदि, राशि कन मेषादि नं,

पारु आमै तिथि कना:फुक, भ्रिंनिला बछ्लादि नं, अश्रि्णी आदिक कना: नक्षत्र सकतां योग नं मङ्गलादि दशा सहित स्यन वैत ज्योतिष शास्त्र नं। ब्याक्क पृथिवीया महाद्वीप व महासागर, पुखू, गिरी, हिमालय, निधि व निर्भ्ररयागु फुक विवरण दुगु, विविध वृक्ष लतां अलंकृत बन, नदी, मरुभूमिया, धूम्र मय ज्वालामुखीया, मेघया नभमागया, विश्वया थुगु थुगु अरण्ये पशुत थुम्ह दै धका भूमिया थुगु थुगु विभागे अन्न थुगु थुगु सै धका देश, पुर, गांयागु जनसङ्ख्यादि याना: वर्णन हेतु वर्णाया कना: भूगोल विद्या नं स्यन।

ख्व:गु हिमयुग, न्यंक पृथिवी मुक्क धाँय् जक दुगु युग, बिपिनया पाषाणयुग, कृषियुग व पशुपालन युग आदि नाना युग युगान्तरयागु फुक इतिहास नं न्यन्यत यथि पुगु स्यन अनेक पुराणया बाखंत नं। पुत्तु प्वीका: या:गु फुक नाना परीक्षाय् शास्त्रया शाक्यपुत्र उतीर्ण ज्वीवं कपिलवस्तुस चर छ्वया: बीक्य छ्वत सन्देश थुगु "शिक्षात सिधल कुमारया" मेगु नं उपदेश बिल आचार्य अति हर्षित जुया:-

"गृह ख: नृपया देश, पुत्र थें सकलें प्रजा,
देश उन्नति ख: लक्ष्मी, ब्वै अल्प कीर्तिया ध्वजा।
राष्ट्रया कृषि, वाणिज्य बृद्धि याना: निरन्तर
न्हून्हूगु वस्तु निर्यात याय्मा: आयात मोहल।
थुर्की समृद्धिशाली ज्वी देशे दया: महाजन
अल्य मेमेगु देशं नं या:वयि सन्धि ब्वां थन।
चिकिचा धंगु सां सल्हा निम्ह अप्पो च्वना: मज्यू
न्हाय्पं प्यपां खुपा ज्वीव गोपा जूवनि धाय् मफु।
उद्योगीयाक्य वै लक्ष्मी 'भाग्य' ख: मन्त्र मूर्खया
यत्नं सिद्ध मजूसा छु फक्व छं पुरुषार्थ या।
उपदेश बियां सित्तिं तम्वेकै निद्गं खल
बियात दुरु त्वंका नं बृद्धि ज्वी विष केवल।
धन, कुल नितां जोपिं याय्गु विवाह, मित्रता,
मसीकं याय् मज्यू संग विचार, कुल, वीरता।
छको विरोध ज्वी धुंका: विश्वास याय् मज्यू वया
थ:गु छुं दोंगु थाय् दय्व स्यंकै निश्चय वं पिया:।
विपत्ती गुम्ह ज्वी मित्र मित्र धाय् वैत हे जक
सम्पत्ति दैबले न्हयाम्हं जू वयि मित्र थें छको।
उपाय याय्बले चिन्ता विचा: याय्मा: अपाय नं
मसय्व थ:गु ज्यां याय्यो लिखतं नाश थ:त नं।
चरं हेक्य मज्यू धात्थें नेत्र ख: नृपया चर
क्षम्य वं न्ह्याग्गु धा:सा नं भिंखँ गय्ज्वी मनोहर।
हित ज्वीगु खँया शिक्षा मब्यूसा व छुया मिखा!
मथूम्ह हितया वार्ता स्वामीयागु छुया सिखा!
थ: जोपिं नाप याय् सन्धि, बल्लापिन्त बिया: धन,
जा:पिं शत्रुत याय् भेद हीने याय् बल विग्रह।
अचञ्चला स्वयं लक्ष्मी चञ्चला ज्वी थुवा: स्वया:
सुज्वी इन्द्रियया स्वामी पति नं ज्वी व अर्थया।
सूर्य थें गबलें नायु मा:थाय् ज्वीम्ह कठोर नं
वैगु हे च्वनि संसारे सदां नाम व कीर्ति नं।
फैमखु प्राप्त याय् राज्य मदय्क वीर्य विक्रम
छाय् धा:सा पूर्ण ज्वी शत्रु शस्त्र, सैन्य, पराक्रम।
देश, काल, सुहृद्वर्ग, आमदानी व खर्च नं
थ:गु शक्ति विचा: याय्मा: वारवार मनं मनं।
याय्मा: माता, पिता, वैद्य, थकालिपिन्त आदर,
गुरु, पण्डित, च्योतय्त नं या सत्कार सुन्दर।
लयया: पूर्खा निस्यंयापिं पुलांपि तय्गु सेवक
अमिगु नं परीक्षा ला याय्मा: न्हां न्ह्याग्गुसां छको।
धनया ज्वी मज्यू लोभी, तंम्वेका जक ज्वीगु नं।
तंचाय्क्य नं मज्यू स्वीतं ह्येका: तय् दृष्ट शत्रु नं।

इले इले इना: बीमा: सेवकपिन्त वेतन
अपिं ज्वीव असन्तोष ज्वीयो अनर्थ दारुण।
धर्म अर्थ मज्यू पंक्य अर्थ वा धर्मयात नं
याय् मज्यू कामयां ह्रास न ज्वी ज्यू कामदास नं।
याना: गुप्त खँया रक्षा सीक्य मा: गुह्य शत्रुया
मसीक छम्हस्यं मेम्ह गुप्तचर छवया: छ्वया:।
मज्यू न्हां धनया लोभं अपराधीत तोत्य नं
सीकि वत्स: थुकिं याना: बृद्धि ज्वी अपराध भं।
राज्ये विनापराधं नं निर्दोषी ज्वीव-दण्डित
ज्वीयो अमि हिया अश्रुं नष्ट, भ्रष्ट, कलंकित।
आखेट, जू म्हिता: ज्वीगु, निन्दा याय्गु, न्हिने द्यना:
मिसागुलु जुया: ज्वीगु, प्याखं सो ज्वीगु छुं त्वना:

म्वाम्वाकं चा: हिला: ज्वीगु, गीत वा बाजने दुना:
तोत्य मा: थ्व 'भिगू वर्ग' याय् योसा कीर्ति साधना!
दण्डविधानया चाल, पञ्चप्रकृति मण्डल,
निगू प्रकारया सन्धि, निगू हे सीकि विग्रह।
पञ्चवर्ग, स्वता विद्या, सत्प्रवर्गाष्टवर्ग नं
निगू वर्ग त्रिवर्गादि सीक्य मा: राजकृत्य नं।
विगृह्य, सन्ध्या, सम्भूय, उपेक्ष्य, व प्रसंगतो,
थ्व न्यागू यान छं सीकि हे शाक्यकुलयामत!
तोत्य मा: 'दोष भिंप्यंगू' 'भिच्यागू तीर्थ' सीक्यमा:,
त्याकागु देशया रक्षा याय्त न्हापां लँ दय् क्यमा:।
चाय्क्य नं मा: पुरे यक्व नि:शुल्क औषधालय्
ज्वी मा: निस्वार्थतां सेवा साम्राज्य स्थिर ज्वी अल्य"

(अनुष्टुप)

थुख्यर थुगु शिक्षा बियां च्वन उख्यर वैच्वन पाजुम्ह
यक्व नाना वसन, भूषण मणिमुकुट ल्हाते दुम्ह।
वैगु ल्यूल्यू सैन्य आदिक कर्मचारीपिनि दल,
अति मनोहर रसन धोलक, पञ्चबाजं नं वल।
प्रथम गौतमयात पिचुक सँ खाक्य धुंका: मोल्हुका:
न्हूगु सुन्दर वस्त्र पुंका: मुकुट प्वीका: स्वां छुका:
बत्तु दुगु स्वांमा: क्वखाय्कल, रत्न नं दु अत:बत:,
फक्व छाय् पा: ह:म्ह कंठक अश्व गय्कल यंक्यत।

वैगु न्ह्योन्ह्यो गुरुजु विश्वामित्र सलया म्हे तया:
राजधानी वन्यत उद्यत ब्याक्क जुल सल हे गया:।
विविध बाजंयागु स: लिस्य ताल बीका: सलख्वलं
गुरुगृहं प्रस्थान जुल फुक कपिलवस्तुस थ्यनिगु लं।
ध्वाँय् पताका यक्व ब्वेका: मार्ग गल्ली दुन्य दुन्य
फक्व छाय्पा: त:गु पुरया सिंहद्वारं भति पिन्य।
थ्यन्यव उगु यात्रा लँ सोवल नृपति सहित महाजन,
ब्याक्क दे चा:हीक्य धुंका: मूलुखाया क्वे थ्यन।
गौतमीं धौ, स्वांसिन्ह: फँ ज्वना: न्हिला: वल मुसु मुसु
फं लुना: दुत यन सुकुंदां वैत याना: लसुकुसु।
विज्ञ विश्वामित्रयात बिया: प्रचुर गुरुदक्षिणा
आश्रमे छ्वत् तय्क्य नृपतिं यक्व धन बकु बकु चिना:।
माक्व विद्यां गा:म्ह शाक्यकुमार थौं देशे थ्यना:।
राजभवने न्यंक उत्सव यात मां बौपिं च्वना:।
न्यंक छाय्पा: त:गु सो प्रासाद छ्गुलिं न्हूगु थें
मतत बहनी च्या:गु जिगिजिगि न्यंक हे अन स्वन्ति थें।
छन्हु कुसुमया कानने दुन्य ध्यान याना: च्वंबले
भ्वाक्क कुतिवल शर सहित छम्ह हंस गौतम मुले।
न्ह्योन्य हंस असह्य पीडां संगुलिं हृदये दया
भय् बिया: तीजक कुमारं तीर लिकया: हंसया

'कष्ट गुलि जुल थें वया' बांलाक हे सीक्यत अहो
बाणयागु च्वकां तिया: स्वत थ:गु ल्हाती नं छको।
वेदनाया ज्वीव अनुभव घा: सिला: ल:घा: लुना:
वैगु म्हे याकन हिना: च्वन थ:गु वस्त्र खुना: खुना:।

वल अज्या थाय् देवदत्त कुमार ब्वां कार्मुक ज्वना:
"हँय् बिया: दिसँ जिम्ह" धका वं धाल ल्हातं हँय् क्यना: ।
"छन्त छाय् बी जिं ज्वना म्ह थ्व" थुलि लिस: बिल गौतमं,
देवदत्तं धाल "जिंकय्काम्ह जिम्ह हे ज्वी" तमं ।
थुगु प्रकारं निम्ह फुकीया जुल विवाद परस्पर
ल्वापु निर्णय याय्त वन न्यायालये निम्ह दिनकर ।
बुलुल निम्हस्या क्रोध-तेजं दिनस नगु थें सभ्यत,
किन्तु न्यायाधीश छम्हस्यां अमित याना: स्वागत
धाल "थन आगमन छाय् थें शाक्य राजकुमारपिं ?"
देवद्त्तं धाल "थौं जिं स्वेगु गुलि न्यायी छिपिं ।"
ल्हा: ल्हवना: वं वैत स:ता बिल लिस: समयोचित
"तात ! ज्वी मखु शाक्यन्यायाधीश न्यायं विचलित"
"हंस जिं कुरका: कयां जिगु लक्ष्य भेदन कुशलतां
काल दाजुं 'जिम्ह' धका हँय् लित मब्यू जिं गुलि धयां"
देवदत्तं थुलि खँ ल्हाय्वं गौतम नं बिल लिस:
"विज्ञ न्यायाधीश ! जिगु नं सत्य खँ भति न्यना: दिसँ

ख: दया नं गुण छगु हिंसा सिबे अति उत्तम
ध्वैत म्वाका जिं दयावश ख: उकीं थुम्ह हँय् जिम्ह
न्यायकर्ता ब्याक्क न्यायार्थीपिनिगु भाषण न्यना:
न्याय पूर्वक ल्वापु निर्णय यात फुक कारण क्यना:-
"स्नेहया मूल्य वं द्वेष, हिंसा सिबे,
स्या:म्ह छाय् ज्वी थुवा: प्राणदाता सिबे,
सीगुसा यंक्य दै देवद्त्तं कया:
म्वानि आ: ज्वी थुकीं हंस सिद्धार्थया ।" (सग्विनी)
"सत्यया जय" थुलि धया: मायासुनू वन हँय् ज्वना:
"पक्षपात" धया: तमं वन देवदत्त छुयाय् बुना: ।
छयैं वना: नं छुं विनोदे चित्त मवना: पुत्रया
"गय् मज्वीक्य विरक्त पुत्र", धका नृपं चिन्ता कया:
कुलपुरोहित, त्वाथकालित, सचिवपिं मुंका: न्यन-
"आ: छुया:सा फ्री कुमारं राज्यकार्य तइ मन ?"
छुं छता कन यत्न छम्हस्यं, मेम्हस्यं कन मेगु हे,
वृद्ध छम्ह मफु मफु दना: कन ज्वीक शीतल कर्ण हे-
"बीरं प्रचण्ड वनराज मृगेन्द्र स्याय्फु,
गण्डस्थले चुपि सुया: किसि नाप ल्वाय्फु,
धाय् जिं मग्यास्य थन थौं थ्व खँ वीरपिन्त
कन्दर्पवेगस सुनां जक चीफु चित्त !" (वसन्त तिलका)
"ख: अवश्य विवाह याना: बीगु योग्य कुमारया
प्रेमबन्धन न्याक्क बल्ला: किसित चीगु खिप: स्वया:"
वृद्ध मन्त्री थुलि खँ ल्हाय्व न्हिला: न्हिाला: शुद्धोदनं
धाल- "बरु गय् सीक्य फै सिद्धार्थया गुम्ह यो मनं ?"
कुल पुरोहित भति मुसुक न्हिल शाक्यपतिया थ्व खँ न्यना:
जवगु ल्हाते च्वंगु ज:मू खवगु नाडी हितु हिना:
घाल- 'नाय्खिं शीघ्र च्वेक्यब्यु पुरस त्वात्वाले थुलि-
'ज्वीगु न्हां अविवाहितापिनि न्हूगु उत्सव लाय्कुली'
रत्न आभूषण कुमारं अमित बीक्य छता छता,
ब्याक्क मनया भाव सीदै अल्य मिखाया चपलताय् ।"
शाक्यपति शुद्धोदनं नं वैत "थथ्य हे ज्वी" धया:
दय्क्य बिल नानाभरण नं लाय्कुली हे दुन्य तया: ।
स्वच्छ सुन्दर मञ्च दय्कल भवनया दुन्य छख्य चुके
ताय् कपाय्मा:, कुसुम किंकिणिजाल खाया उख्य थुख्य ।
ध्वाँय् पता: लिस्य संक फरफर अति विशाल इलां प्यना:
अन दथ्वी गुलि लोगु सिंहासन छगू सो मणि थुना: ।
नियत तिथि खुनु समय सुथया रत्न मय सिंहासने
रत्न हे तिलहिल तिया: सुन्दर सुबस्त्र पुना: तने
कमलपत्रनयनकुमार विराजमान जुया: च्वन,
रङ्ग रङ्गु वस्त्र पुंपिं थ्यन किशोरीपिं अन ।

न्ह्योन्य ला:म्ह मछा:गुलिं भति क्वच्छुना: लिचिला: च्वन,
ल्यून्य च्वंपिं न्ह्योन्य लाक्यत घुंकया: थिकु थिकु सन ।

अन ववं छम्हस्यात मेम्हं धाल "न्ह्योन्य राजकुमारया
मेम्हस्यां "म्हा: बाजि" धा धां गाच्वतं पुल थ: जनी।
थुगु प्रकारं वंगु छम्ह छम्ह न्ह्योन्य राजकुमाररया
रत्नयागु तिसा कुमारं बिल इना: छम्ह छम्ह स्वया:।
किन्तु छम्हस्या नाप नं छुं जूगु खन्य मदु इंगित,
खन्यदु केवल यन्त्र थें जक वाष्प द्वारा चालित।
थ:त ब्यूगु तिसा ज्वना: वन वन्यत कंन्या पिनि दल,
तर छुयाय् ज्यू अमिगु 'हृदय' मचायक अन हे तोफिल।
वक्व सकलें वन्यव ल्याहाँ सुप्रबुद्ध-सुता वया:
न्ह्योन्यसं प्रतिरुप थें दन गुण सुशील व स्नेहया।
रुपया छु खँ! विश्व सुन्दरता खना: प्रतियोगिताय्
ब्व:गुला मस्यु प्रकृति देवीं ध्वैक्य गुलि कमणीयता!
निकुगु कुलिकुलिचिंगु कुन्तल नागपाँय् थें सत थुना:
मोतिज्वा: बत्तुं हिना: ह्याउँक उकी सचिकां चिना:
घ्यो बुया: नायूगु ख्वाले अति नस्वा:गु क्वलं बुया:
त्वीक नचुगु बुया: सलांचुं ख्वा: हुसां हुतुमतु हुया:
व:गु थें च्वं मोल्हुया: थौं चंद्रमा उदधी दुना:
ह्व:गुला वा कमल-मुखश्री शाक्यकुलया रवि खना:।

ज्वीनला मस्यु प्रणय-अरुण उदय हृदय-उदयाचलं
पूर्व लक्षण व:गु थें ह्याउँल वयागु कपोल नं।
वैगु श्र्वास समीर न्ह्याना: भाव मनया ब्वेकल,
कनक कुण्डल थुगु खँ कन्य थें संगु सो गुलि चञ्चल!
कान्त कोमल कायकलशं वैगु यौवन भय्बिया:
पाटया सालुगु सुवस्त्रं मदिक वैच्वन सो ज्वया:।
स्वर्ण सित्रा जायक दुगु गां न्यंक तल नं तोपुया:
वैगु उरया उच्चता फुक सीदु अय्नं हे छुयाय्!
कण्ठहार गले क्वखाया: मोतिया माला उरे
चञ्चला शंपा म्हितुगु थें खन्यदु नभस पयोधरे।
कृशगु कटिया कनक काञ्ची, चपल तुतिया घंगला
वैगु गजया गति लिना: वल मधुर मादकता ह्वला:।

च्वाक्क गन चूलात चञ्चल दृष्टि निम्हस्यां तत्क्षण
अल्य मिखा लिमकास्य आताहाँ परस्पर स्वैच्वन।
ल्वाय्व ऋण व धन निता सञ्चार ज्वी विद्युत् गथ्य
लुल अनिर्वचनीय नूतन भाव नं हृदये अथ्य।
थ:त थमनं लोमना: वं वैत केवल च्वन स्वया:
सुप्त मनया गुप्त सुललित भावना जाग्रत जुया:
थ:गु लप्पा थ्यंक खन्य दुगु नं मचा: गाचो ब्वया:
स्व:गु ज्वी व यशोधरां क्वकना: मिखा दुन्य हृदयया।
भति लिपा गौतम कुमारं थ:थमं संयत जुया:
वैत नं छुं बीत स्वत रत्नाभरण भाण्डे कया:
शून्य जूगु खना: थले वं मेगु महया: तिलहिल
थ:गु सुन्दर कण्ठया बहुमूल्य हार त्वया: बिल।
क्वच्छुना: उगु रत्नहार कया: 'मुसुक' याना: वन,
शाक्य राजकुमारया मनयात नं नापं यन।
सुं छम्हं मदुस्यंलि व:पिं भृत्यपिं अन पा: तया:
ध्यान या: वन थ: क्वथाया दुन्य वना: 'रसराज' या।
च्वाक्क पचिनं मूगु नायो थ्वीगु थें ज:मू ह्युहयं
वैगु हृदये युवति मध्ये वैगु गोपा नं हयुहयूं-
"ब्याक्क कंन्यापिनिगु सुन्दर रुपया शुक्ती दथ्वी
दिव्य शोभा पूर्ण जगमग थीगु गोपा मोति ज्वी।
शाक्यपुरया यक्व नाना सुन्दरी-स्वां ह्व:गुली
रुप यौवनया सुगन्धं सुमन-रानी हे ध्व ज्वी।
ध्वैत हे जिगु हृदयया नं राजरानी छाय् मयाय्!
ध्वैगु जीवन नाप हवंका: जिं ध्व जीवन सरस याय्"
उख्यर 'गोपायात मणिया हार ब्यूगु' जुजुं सिया:
गौतमीरानी स्वया: सन्तोषया भसुका: तया:
धाल-"आ:तिनि वंश रक्षा ज्वीगु जुल जिगु प्रियतमे!
दण्डपाणीयागु छ्यैं लम्हि छवे नु थौं हे छाय् कन्हे!"
(सुगत-सौरभ महाकाव्यया शिक्षा संस्कार नामगु खुगूगु
**सर्ग सिधल। ने.सं. १०६२ स्वांया: पुन्ही)**

◆

# Lord Gautam Buddha

✍ Rajani Joshi

As great philosopher Gautam Buddha said :

You are what you THINK

You are what you SPEAK

You are what you EAT

Nameste !

My hearty greetings to all, on the ocasion of 2563rd Buddha Jayanti. Today I would like to share the reminding of percepts by Lord Buddha.

As we all know that Nepal is a multi ethnic, multicultural and multi-religious country, we celebrate many festivals every year. Among the various joyous festivals celebrated in the countary by various groups and communities, Buddha jayanti or Buddha Purnima is one of the festivals common among Nepalese community.

Buddha jayanti is the birth day of Lord Gautam Buddha. Budhha 's original name was Sidhartha Guatam. Siddhartha Gautam was born about 543 BC in Kapilvastu of Nepal.

The festival falls on Baiskh Purnima, the ful moon day of Baisakh, the first Nepali month. The day is not only the day Sidhartha Gautam was born, but also that Sidhartha Gautam got Enlightenment and became "Gautam Buddha" and Nirvana on the same day in differnet years. Thus, the celebration on Baisakh Purnima celebrates the three major events; the Birth, Enlightenment and Nirvana of Light of Asia, Gautam Buddha.

Sidhartha Gautam was a prince of Kapilvastu. The King Suddhodana

and Queen Maya Devi named him Sidhartha Gautam who later became Gautam Buddha. As per the existing tradition of giving birth in a parent's house, the queen Maya Devi left her house in Kapilvastu to go to her parent's house to give birth to her child. But, on her way, gave birth under a Bodhi tree in Lumbini.

Being born into a royal family, Siddhartha Gautam had a luxrious life. The king kept the prince away from anything that may be a cause of suffering for him. Unaware of the outer world and the suffering and misery in life, Siddhartha Gautam once saw an old man, a diseased person and a deceased body. He then realized that human life is full of sufferings. The young prince was surprised to know about such conditions that occur in life. He decided to find out what causes these sufferings to humanity and what can be done to eliminate these sufferings. At the young age of 29 years, the Prince left the royal palace and all the luxuries of life and stared living his life as a monk. He meditated under a Bodhi tree and finally found that the only cause of the pain and sufferings in human life is nothing other than human desires and greed. Once one can leave these thing apart, he/she could achieve peace in life with no more sufferings. The prince Siddhartha Gautam received Enlightenment (Buddhato), and spred his learning among others and thus called Buddha. He He was Enlighened while meditating under the Bodhi tree which is to immense value in Buddhism. They still perform prayers and follow the five fundamental percepts (Panchasila) of Buddhisethics which comprises the basic teachings of conduct:

Five fundamental percepts (Panchasila)

1. Not to harm anyone' s life
2. Not to steal the things that are not yours
3. Not to do any sexual misconduct
4. Not to lie. Speak the truth
5. Not to eat or drink anything that intoxicates the brain

Buddha understood these Four Noble Truths

**1. life means suffering**

There is Suffering, and it is common to all, no one can escape it.

**2. The origin of suffering is attachment.**

Cause of Suffering is we ourselves. Apart from those suffering which are natural, Buddha explains the main cause of suffering is the greed and lust. The physical attachment is very dangerous. One creates suffering from his/her own greed. One wants more that what s/he deserves and grow grief of losing them.

**3. The cessation (separation) of suffering is attainable.**

To end the suffering, one has to stop doing what causes suffering

**4. The path to the cessation of suffering.**

Nirvana is the end the suffering: enlightenment is the way: Buddha suggested The Noble Eightfold Path to end suffering and live fulfilled life.

The only way to get rid of suffering is to live satisfied with what one has. Don't collect unnecessary materials. Collecting unnecessary things are collecting grieves and sorrow for future. The state of end of suffering is called Nirvana is to reach beyond life and death.

**The Noble Eightfold Path**

Gautam Buddha described 'The Noble Eightfold Path: the way to the end of suffering. It is a practical guideline to ethical and mental development with the goal of freeing the individual from attachement and delusions. Finally it leads to understanding the truth about life and reality. The eight aspects of the path are highly interdependent principles and are closely interrelated with each other.

1. Right View
2. Right Intention
3. Right Speech
4. Right Action
5. Right Livelihood
6. Right Effort
7. Right Mindfulness. Right Concentration

Hence to achieve these eightfold path, we all ought to follow the Five Fundamental Percepts-Panchasila, to become human with Humanity for this we all need to do researches/do learning & teaching and carry on to the further generations. Therefore, we have to change ourselves first to change our society for betterment of our society.

◆

# 'अर्हत्' त्रैमासिकको वर्ष ६ को अन्तरक्रिया

✍ विष्णुगोपाल कुसी

बौद्ध दर्शन र बौद्ध शिक्षाको विषयमा अध्ययन गरी त्यसको सन्देश छरेर जनतालाई असल, चरित्रवान, देशभक्त, नागरिक तयार गर्ने र समाजमा शान्ति स्थापना गर्ने उद्देश्यले गठित बौद्ध दर्शन अध्ययन समाजले प्रकाशित गरेको 'अर्हत्' त्रैमासिकको पहिलो अङ्क वर्ष १ बुलेटिन १ २०६८ जेठ ३ गते बुद्ध पूर्णिमाको अवसरमा प्रकाशित भएको थियो । ०६६ वैशाख २७ गते बसेको बौद्ध चिन्तकहरूको एक भेलाले ज्ञानबहादुर न्याइच्याईको नेतृत्वमा बौद्ध अध्ययन दर्शन समाज गठन गरेको थियो । भिक्षु अश्वघोषका ग्रन्थहरू अध्ययन गर्ने क्रममा समाजले एक बौद्ध साहित्यिक पत्रिका निकाल्ने निर्णय गरेअनुरुप अर्हत् त्रैमासिक निरन्तर प्रकाशित भइरहेको हो । 'अर्हत्' पत्रिका निकाल्ने विचार उठेपछि शिक्षाप्रेमी एवम् समाजसेवी गोपीकृष्ण प्रजापतिले तत्कालै रु. एक लाख सहयोग गर्ने वाचा गरे । समाजका सदस्यहरूमा ऊर्जा मिल्यो र अर्हत् प्रकाशन भयो ।

अहिले हामी वर्ष ६ अङ्क १ देखि ४ सम्म प्रकाशित पत्रिका अर्हत्को अन्तरक्रियामा सरिक छौं । वर्षभरिको यो चारवटा पत्रिकामा जम्मा २८ वटा लेख या सन्दर्भ सामग्री पाउँछौं । वर्ष ६ को पहिलो अङ्क ०७५ वैशाख १७ गते स्वाँया पुन्ही, दोस्रो अङ्क भदौमा गुन्ही पुन्ही, तेस्रो अङ्क मंसिरमा सकिमना पुन्ही र चौथो अङ्क चैतमा होली पुन्हीको दिन प्रकाशित भयो । हरेक अङ्कको अगाडिको पृष्ठमा कहिले बौद्ध चैत्य, बौद्ध स्तुप, मुनिविहार र चिभधः सम्बन्धी तस्वीरको आकर्षण छ । हालसम्म समाजले ३२ वटा अङ्क प्रकाशित गरिसकेको छ ।

पत्रिकाको सम्पादकीयमा तृष्णा नत्यागेसम्म शोषणरहित समाज स्थापना नहुने, शासक वर्गको वचन र व्यवहार समान नहुँदा शोषण यथावत रहेको उल्लेख छ । शान्ति स्थापना गर्न बिलासी जीवन छोड्नुपर्ने, शासक वर्गले क्रोध, मोहजस्ता खराब प्रवृत्ति त्यागे साँच्चै लोकतन्त्रको स्थापना हुने, व्याप्त विकृति, विसङ्गति हटाउन आफ्नो मन र चित्त पवित्र हुनुपर्ने र दुःख कष्ट, अन्याय, अत्याचार हटाउन बुद्ध दर्शन अध्ययन गर्नुपर्नेमा जोड दिइएको छ ।

भिक्षु अश्वघोषको वर्ष १ मा प्रकाशित 'वैशाख पूर्णिमाको महत्त्व र बुद्ध वचन' मा बुद्ध लुम्बिनी उद्यानको वृक्षमुनि जन्मेको, बुद्धगयाको वृक्षमुनि बुद्धत्व प्राप्त गरेको र शालवृक्षमुनि महापरिनिर्वाण प्राप्त गरेको प्रसङ्ग उल्लेख गरिएको छ । पहिलो

उपदेशमा बिलासिता र मोजमज्जामा भुल्ने र आफ्नो शरीरलाई कष्ट हुने गरी धर्म गर्नु मूर्खता रहेको बुद्धवाणी छापिएको छ । भिक्षु अश्वघोषको जीवनीबारे कोण्डन्यले र 'भिक्षु अश्वघोषका छानिएका रचनाहरूका पुस्तकबारे कृतिका प्रजापतिले समीक्षा गरेका छन् । लेखमा असल र खराब, सही र गलत, न्याय र अन्यायको भेद छुट्याउन र समतामूलक समाज स्थापना गर्न बुद्ध शिक्षा अध्ययन गर्नुपर्ने सन्देश छ ।

भिक्षु भद्दियको 'उपदेश न्यनिपिनं विचित्रपिं दु' अर्थात् उपदेश सुन्ने व्यक्ति पनि विचित्रका छन् भन्ने लेखमा बुद्ध उपदेश सुनेर व्यवहारमा लागू गर्नेहरूको जीवन सफल भएको र ध्यान नदिनेहरूको जीवन असफल भएको चर्चा छ । तर, ध्यान नदिँदैमा उनीहरूले पशुपन्छी, सर्प या बाँदरको जन्म लिने कुरा कति वैज्ञानिक र समय सान्दर्भिक छ, छलफलको विषय छ ।

संसारका विभिन्न मुलुकमा बौद्ध दर्शनको अध्ययन गर्ने, बुद्ध दर्शन र शिक्षा प्रचार प्रसार गर्न ग्रन्थ प्रकाशन गर्ने बौद्ध विद्वान र बौद्ध लेखकहरूको सङ्क्षिप्त चिनारी दिएर बौद्ध शिक्षाको घेरा चौडा बनाउनेतर्फ निरन्तर लागिरहेका बौद्ध लेखक रत्नसुन्दर शाक्यको यस अर्हत्‌मा चारजना बौद्ध विद्वानहरूको परिचय दिइएको छ । जर्मनका बौद्ध विद्वान डा. कार्ल साइडेनस्टूकर, प्राचीन गान्धार प्रदेशका पुरुषपुर नगरका आचार्य बसुबन्धु, इटालीका बौद्ध विद्वान प्रो. जोसेफ टुच्चि र जर्मनका अर्का बौद्ध विद्वान डा.पाँल ढाल्केको सङ्क्षिप्त जीवनी दिइएको छ ।

यसरी नै नेपालभाषामा लेखिएको कविकेशरी चित्रधर हृदयको वंशवृक्ष, जन्म र मांसम्बन्धी रचना साभार गरिएको छ ।

वर्ष ६ अङ्क १ मा गंगा गोसाईको 'सुशासनका लागि बुद्धधर्म' शीर्षक लेखमा शासकहरूमा हुनुपर्ने नेतृत्वको गुण, उनीहरूले पालना गर्नुपर्ने नियम र सुशासनका सिद्धान्तको चर्चा गरिएको छ । यस अङ्कमा छापिएको 'गोपी दाइया लुमन्तिस' अर्थात् गोपी दाइको सम्झनाको लेखले बौद्ध दर्शन अध्ययन समाजको स्थापना र अर्हत् प्रकाशनको सम्झना गराउँछ । यसले बौद्ध अध्ययनकर्ता र समाजसेवीहरूको लागि ऊर्जा प्रदान गरेको छ ।

वर्ष २ मा प्रकाशित बौद्ध सामग्री, ग्रन्थ, लिपिका अन्वेषक, अनुसन्धाता सुरेशज्योति शाक्यको 'भिक्षुणी सङ्घया छगु विहार नापं स्वापु दुगु निगु अभिलेख' अर्थात् भिक्षुणी सङ्घमा एक विहारसँग सम्बन्धित दुई अभिलेख र वर्ष ३ मा प्रकाशित 'इओचा बाहाया छगु महत्त्वं जाःगु पुष्पिका वाक्य, अर्थात् इओचा बाहालको एक महत्त्वपूर्ण पुष्पिका वाक्य साँच्चै अनुसन्धानमूलक र खोजमूलक लेख हो ।

भिक्षुणी सङ्घको विकास लिच्छविकालदेखि भएको सप्रमाण भनपा वडा नं ९ स्थित वाचुहिटीमा फेला परेको अभिलेख र शङ्करदेव राजाको पालामा नेपाल संवत् २०२ मा भुजिंमोल लिपिमा लेखिएको ताडपत्रको सर्द्धमपुण्डरीक सूत्र' महत्त्वपूर्ण लेख हुन् ।

विष्णुगोपाल कुसीको 'ख्वपदेया विहार बहिया जातः कृतिको समीक्षा, धीरेन्द्रमान बिजुक्छेँको 'दुःखको स्रोतःशोषक वर्गको शोषण' र आभा अवालेको 'पटाचारा' लेख पनि पत्रिकामा समेटिएको छ । धीरेन्द्रमान बिजुक्छेँले शोषक वर्गबाट शोषित वर्गमाथि शोषण, दमन र सरकारी अकर्मण्यताका

कारण बहुमत जनताले दु:ख पाएको चर्चा गरेका छन् भने आभा अवाले 'पटाचारा' मा धनाढ्यकी एक छोरी पटाचाराले नोकरसँग जीवन बिताउने सेविकाको भेषमा प्रेमीसँग घर छाडी हिँड्दा आफ्ना सन्तानले पाएको दु:खको प्रसङ्ग उल्लेख गरेका छन् ।

अर्हत् वर्ष ३ मा भिक्षु महाप्रज्ञाको 'कालिम्पोङय् उपदेशया फल' मा पञ्चशील र शील पालनाको महत्त्वबारे चर्चा गरिएको छ । लेखमा भाग्या ( ढोग) नगरी, १२ बजेपछि, हातमा हस्तान्तरण नगरी खान नहुने उहिलेको संस्कारलाई पुन: स्मृति गरिएको छ । यस्ता नियमले पहिलेको संस्कार र नियम पालना गर्नुपर्छ भन्ने भावना त जगाउँछ तर, नियम र संस्कार भनेर १२ बजेपछि, हातमा हस्तान्तरण नगरिकन र बिन्ती नगरिकन या नढोगिकन खान्नै हुन्न भन्ने सन्देशबारे विचार गर्नुपर्ने देखिन्छ ।

कसैले स्वइच्छाले दान गर्न ल्याएको भोजन प्राविधिक कारण अस्वीकार्दा आफ्नो अपमान भएको जस्तो ठान्छ र भोजन तयार गर्दाको श्रम, समयमात्र होइन सम्पत्ति पनि खेर जाने सम्भावना हुन्छ । यतातर्फ बौद्ध विद्वान या सम्बन्धित सरोकारवालाले चिन्तनमनन गर्नुपर्ने देखिन्छ ।

भिक्षु सुदर्शनको 'सुभाषित वचन ल्हायेगु छगू उत्तम मङ्गल ख:' लेख पनि पठनीय छ । विचार र विवेक नपुऱ्याउँदा आफूले व्यक्त गरेको एक वचन या शब्दले पनि ठूलो नोक्सान हुने हुँदा बोल्दा सतर्कता अपनाउनुपर्ने भिक्षु सुदर्शनको जोड मनासिव छ । एक सत्य (सुभाषित) कुरा लाख दुर्भाषितभन्दा मूल्यवान हुने लेखको सार देखिन्छ । यस अङ्कमा राधेश्याम बासुकलाद्वारा लिखित लुम्बिनी शैक्षिक भ्रमण (असोज १५-१८) को अनुभवमा रामग्राम स्तुप, विश्व शान्ति स्तुप, भारतको कपिलवस्तु, ककु छन्द (गोटिहवा) (बुद्धको जन्म, बुद्धत्व प्राप्त गरेपछि पहिलो पटक बुबासँग भएको भेट), कुदान (बुद्ध र बुद्धका भिक्षुहरू बस्ने विहार), मायादेवीको मन्दिर, अशोक स्तम्भ र बालबुद्धको प्रतिमास्थलमा भ्रमण गर्दाको अनुभव छ ।

वर्ष ४ को अङ्कमा माथि उल्लेख भइसकेका सन्दर्भ लेखहरूबाहेक भिक्षु सुदर्शनको 'केही ऐतिहासिक तथ्यहरू' मा शाक्यमुनि बुद्ध जन्मेको ठाउँ लुंमिनि (लुम्बिनी) नेपालभन्दा पहिल्यै चर्चाको विषय बनेको अभिलेख, सबैभन्दा पहिलो वाङमय जातक, सबैभन्दा पहिले उल्लेख भएका राजा सुपुष्प र वृषदेवजस्ता प्रमाणिक अभिलेखको चर्चा गरिएको छ । भिक्षु मेत्तेय्यको 'बुद्ध व पित्याम्ह मनू' लेखमा संसारका भोका नाङ्गा जनताको पेट भरेपछि या खानपिनको सुनिश्चित भएपछि संसारमा सुख छाउने कुरा उल्लेख गरेर गरिब जनताको पक्ष लिएको थाहा हुन्छ । सुलोचना कोजूले आमाबाबुलाई पूजा नगर्ने व्यक्ति त्रिरत्नको पूजा नगरेको ठहर हुने विचार 'मातापिताको सेवा' लेखमा र प्रज्ज्वल धुख्वाले खराबसँग सङ्गत गर्नु कुहेको आलुमा मिसाउनुजतिकै हुने कुरा 'खराब सङ्गतबाट बच्नुपर्छ' लेखमा चर्चा गरेका छन् ।

यो अङ्कको मुख्य आकर्षण 'दानी वेस्सन्तर' शीर्षकको अष्टाङ्की नाटक हो । यो नाटक रोचक र चित्ताकर्षक देखिन्छ । पढ्न सुरु गरेपछि नाटकले अन्त्य नभएसम्म छोड्न नमिल्ने ढङ्गको आकर्षण दिएको देखिन्छ । नाटकमा अभिव्यक्त विचार छोटा, मीठा र तर्कपूर्ण छन् । हरेकजसो वाक्यले सन्देश

बाँडिरहेको या मार्गनिर्देश गरिरहेको अनुभूति हुन्छ । वाक्य गठन वजनदार र औचित्यपूर्ण देखिन्छ ।

वेस्सन्तरले मर्नु र बाँच्नुको स्थितिमा पुगेका कलिंग देशका जनतालाई दुःखबाट मुक्त हुन अन्न, सुन, चाँदी आदि दिने मञ्जुर गरे पनि उनीहरूले मङ्गलहात्तीको माग गर्छन् । मङ्गलहात्ती प्रदान गरे प्रजा सङ्कटबाट मुक्त हुने विश्वासमा वेस्सन्तरले मङ्गलहात्ती दिएर पठाउँछन् । तर, जनताको विरोध हुन्छ । उनीहरू देश र प्रजाको रक्षा हुनैपर्छ, वेस्सन्तरलाई देश निकाला गर्नैपर्छ भनी माग गर्छन् । कुनै राजा वा शासकले देश बिगार्न खोजे उसलाई निकालेर देश बचाउनु पर्छ भन्ने कर्तव्य ठान्छन् प्रजा । हात्ती नभएपछि देशमा अनिकाल, दुर्गति र प्रजाको हासनास हुने बताइरहेका प्रजालाई राजा सञ्जयले सम्झाउँछन् । तर, प्रजालाई चित्त बुझ्दैन । भोलि वेस्सन्तरले राज्य र प्रजा नै दान दिए के गर्ने भन्ने प्रश्न प्रजा उठाउँछन् । यता राजा सञ्जय आफ्नो छोरो राजकुमारलाई देश निकाल्न मञ्जुर नभए पनि पछि प्रजाकै इच्छानुसार देश निकाला गर्न बाध्य हुन्छ । वेस्सन्तरका पत्नी मद्दी पनि पतिसँग प्रस्थान गर्छिन् । यसरी प्रजाको इच्छाविपरीत शासक अघि बढ्न नहुने र बढेमा बाध्य भएर देशै छोड्नुपर्ने बाध्यता हुन्छ भन्ने शिक्षा सो नाटकले दिएको छ । आफ्नो देश र प्रजाको अहितमा सहयोग गर्न नहुने नाटकको उद्देश्य देखिन्छ ।

अर्हत् त्रैमासिक पत्रिका प्रकाशनको निरन्तरताको कामना गर्छु । पत्रिका प्रकाशनमा लाग्ने बौद्ध दर्शन समाजका परिवार, लेख, ग्रन्थ या अन्य सामग्री दिएर सहयोग गर्ने लेखक, विज्ञापनदाता र ग्राहकहरू धन्यवादका पात्र छन् । कहिलेकाहीं प्रकाशित अर्हत् कतै बन्द पो हुने हो कि भन्ने चिन्ता हुन्छ । पत्रिका प्रकाशनमा निरन्तरता दिन विज्ञापनदाता, लेखक तथा समाजसेवीहरूको सहयोगको निरन्तरता आवश्यक छ । हरेक अङ्कमा बुद्धका नयाँनयाँ वाणी या उपदेशहरू राख्दा सुनमा सुगन्ध हुने छ । अन्तरक्रिया कार्यक्रममा सरिक हुने मौका दिएकोमा आयोजक समितिप्रति आभार व्यक्त गर्दछु । पत्रिकामा अझ अनुसन्धानमूलक, खोजमूलक, वजनदार, बुद्धवाणी या उपदेशसम्बन्धी लेख, सामग्रीहरू अध्ययन गर्ने अवसर पाउने आशा गर्छु । बौद्ध दर्शन अध्ययन समाज र प्रत्यक्ष या अप्रत्यक्षरूपमा पत्रिका प्रकाशन गर्ने सहयोगी एवम् शुभेच्छुक महानुभावहरूमा धन्यवाद व्यक्त गर्न चाहन्छु । अस्तु !

प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२९५९

प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६२

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका
"अर्हत" त्रैमासिक निरन्तर प्रकाशनको शुभकामना ।

DATTATRAYA WOOD CARVING CENTRE

Tachapal-9, Bhaktapur, Ph: 6617048

अदर अनुसार झ्याल, सँझ्याल, बुट्टादार ढोका तथा विभिन्न थरिका काठबाट बनेका सामानहरू आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

# बौद्ध दर्शन र संघनायक अश्वघोष

✍ नारायण महर्जन

मानव जातिको कल्याणको लागि बुद्धले प्रतिपादन गर्नुभएको बौद्ध दर्शनबारे सर्वसाधारण जनतालाई प्रशिक्षित गर्न सक्रिय नेपालको छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको चैत्र २२ गते निर्वाण प्राप्त गरेको थियो ।

२०६८ माघ १४ गतेबाट नेपालका छैठौं संघनायक पदस्थापना गर्नुभएको भिक्षु अस्वघोषले १५० वटा कृतिहरु प्रकाशित गरी मानवको सेवामा अतुलनीय शिक्षा दिनु भएको छ ।

बुद्ध दर्शनको सिद्धान्त काल्पनिक थिएन वैज्ञानिक थियो । वैज्ञानिक दर्शनमा आधारित भएकोले बुद्ध नेपालको मात्र सम्पत्ति नभै विश्वकै सम्पत्तिको रुपमा प्रतिस्थापित भयो । बुद्ध दर्शनलाई मानव जीवन्त सेवाको लागि उहाँले धेरै योगदान र कृति विश्वलाई दिएको पाउँछौं । त्यही कर्ममा बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित अर्हत त्रैमासिक नियमित रुपले अध्ययन गर्ने वातावरण मिल्यो ।

त्यही अध्ययनको क्रममा भिक्षु अस्वघोषले बौद्ध दर्शनको ज्ञान दिने उद्देश्यले अर्हतमा प्रकाशित लेखलाई यहाँ संक्षिप्त रुपमा पेश गर्दछु ।

कर्मफल (वर्ष २, अंक २, २०७१ साउन)

कर्मफल भनेको काम गरेको बापत ज्याला र प्रतिफल पाउनु तर धार्मिक जगतमा पहिले पहिले जन्ममा गरेको कामको फल भनी बुझिराखेको छ ।

पहिलो जन्मको फल कर्मफल वैज्ञानिक विचारमा अव्यावहारिक र अप्रभाविक र बुद्ध धर्मलाई नसुहाउँदो हो ।

यही सबै काम फल पहिले गरेकै अनुसार या ईश्वरको कृपानुसार हुने हो भने जसले जे नगरेपनि आपसेआप हुनेभयो । कुनै पनि खराब मानिसलाई असल बन, अरुलाई दुःख नदेउ, अर्ति उपदेश र सुझाव नदेउ, शक्षा नेदउ । चुप लागि बस किनकि सबै पूर्व जन्मका फल हुन्, ईश्वरको कृपा हुने भयो । खान नपाएपनि चुप लाग ।

बुद्ध अन्धविश्वासमा विश्वास गर्दैन । चोर हुने, अपराधी हुने, कारण गरिवी भएकोले हो । असल मानिस बन्ने कि विद्वान (वर्ष ४ अंक १, २०७२ जेठ) मा निस्केको लेख अझ पढनीय र ज्ञानबर्द्धक छ ।

उक्त लेखमा धेरैजसो मानिस विद्वान बन्ने इच्छा रहेको हुन्छ भने असल मानिस बन्न नचाहने को होला र ? चाहेर मात्र के गर्नु ? परिस्थिति

आफ्नो मनमा भर पर्ने कुरा हो । पहिला पढीलेखी विद्वान बन्न आवश्यक छ र त्यसको साथसाथै असल मानिस बन्नेको लागि हो ।

विद्वान मानिसहरुमा घमण्डी स्वभाव हुनुहुँदैन । अरुको शिर झुकाउने र शोषण गर्ने काम विद्वान वर्गले गर्नु हुँदैन । विद्वान बन्नको लागि र असल मानिस बन्नको सम्मानरुपले मेहनत गर्नु अत्यावश्यक छ ।

भिक्षु अश्वघोषको अर्को महत्वपूर्ण कृति लाज र भय पनि एक हो । वहाँले गौतम बुद्धले २५०० वर्ष पहिले भिक्षुहरुलाई संसार २ वटा तत्वहरुका कारणले रक्षा भइरहेको ती तत्वहरु: लाज र भय ।

लाज र भय बाँकी रहेका मानिसहरुले खराब काम गर्न खोजेपनि समाजले के भन्ला भन्ने लाज र भय उत्पन्न हुने कारणले गलत कार्यहरु नगरी पछि हट्छन् ।

जब मानिसमा लाज र भय हट्नेछ मानिसहरुको चरित्र राक्षस बन्न पुग्दछ ।

नँगा नाच्नेको हजार दाउ भनेकै लाज र भय नभएको हो । समाजमा खराब मानिसहरुको बढ्को संख्या रहुन्जेल शान्ति हुनेछैन ।

समाज र राज्यमा जति पनि भ्रष्टाचार र बलात्कार जस्ता दुष्कर्म काम हुनु लाज र भयको अभावले नै हो । तृष्णा र महत्वको यी भावनालाई नियन्त्रण गर्न नसक्दा मानिसहरु अपराध कार्यहरु गर्छन् ।

यसरी भिक्षु अश्वघोषको रचना भिक्षुहरुका लागि मात्र होइन राष्ट्रिय अन्तर्राष्ट्रिय मानवजीवनको लागि महत्वपूर्ण कृति रहेका छन् । उहाँको कृति योगदानलाई आत्मसात गरी व्यवहारमा ल्याउनु, मानवीय सेवा नै प्रमुख धर्म हुने भएकोले समाजमा सन्देश पुऱ्याउनु सक्नु वहाँप्रति वास्तविक श्रद्धाञ्जली हुनेछ । यस घडीमा शोकलाई शक्तिमा बदल्न प्रण हामी सबैले गरौं ।

***(भिक्षु अश्वघोषको स्मृति सभामा व्यक्त गरिएका भावनाहरुको संक्षिप्त सार-सं.)***

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ
प्रकाशित बौद्ध साहित्यिक पत्रिका "अर्हत" त्रैमासिक
निरन्तर प्रकाशनको शुभकामना ।

प्रो. राजाराम प्रजापति
मो. नं. ९८४१२७१६६८
सिद्धि गणेश इलेक्ट्रिकल ट्रेड
च्याम्हासिंह, भक्तपुर

# बुद्ध धर्ममा पुण्यानुमोदन

✍ जमुना गोसाईं

बहुजन हिताय बहुजन सुखायूको अभिप्रायका साथ अगाडि बढिरहेको बुद्ध धर्ममा पुण्यानुमोदनको विशेष महत्त्व छ । जुनसुकै धार्मिक कार्यक्रमको अन्त्यमा पालिभाषामा लेखिएको पुण्य वन्दना सुत्त पाठ गरी कार्यक्रम समापन गर्ने गरिन्छ। र, यसरी पालिभाषामा पाठ गरी कार्यक्रम समापन गर्ने कार्यलाई नै विशेषगरी पुण्यानुमोदन भनिन्छ ।

पुण्यानुमोदन एक संस्कृत शब्द हो जुन दुईवटा शब्दहरू मिलेर बनेको छ (पुण्य र अनुमोदन । पुण्य शब्दको अर्थ कुनै त्यस्तो काम हो जसले सबैको भलो गर्छ । त्यसैगरी अनुमोदन भन्नाले समर्थन गर्नु वा बाँड्नु हो । त्यसैले पुण्यानुमोदन भनेको एउटा त्यस्तो कार्य हो आफूले वा अरू कसैले गरेको पुणित कार्यमा सहभागी भई समर्थन गरी खुशी प्रकट गर्नु हो । अर्को शब्दमा भन्नुपर्दा पुण्यानुमोदनको अर्थ यो सम्पन्न भएको पवित्र र पुणित कार्यबाट जतिपनि पुण्य प्राप्त भएको छ, त्यो पुण्य हामीले मात्र होइन सम्पूर्ण सत्व प्राणीले प्राप्त गरी राम्रो होस, खुशी होस भनी कामना गर्नु हो । त्यसकारण बुद्ध धर्म नै त्यस्तो मानवीय धर्म हो जसले आफू मात्र होइन सम्पूर्ण सत्व प्राणीकै हित र सुखको कामना गर्दछ ।

पालिभाषामा पाठ गरिने पुण्सानुमोदनको श्लोक र अर्थ यसप्रकारका छन्

इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो ।
इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो ।
इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो ॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे देवाअनुमोदन्तु, सब्बसम्पत्ति (सिद्धिया ॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे सत्ताअनुमोदन्तु, सब्बसम्पत्ति (सिद्धिया ॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे भूताअनुमोदन्तु, सब्बसम्पत्ति (सिद्धिया ॥

अर्थ

मेरो यस पुण्य हाम्रा ज्ञातिबन्धुहरूलाई प्राप्त होस् ।
यस पुण्यको प्रभावद्वारा उनीहरू सुखी होऊन् ।
मेरो यस पुण्य हाम्रा ज्ञातिबन्धुहरूलाई प्राप्त होस् ।
यस पुण्यको प्रभावद्वारा उनीहरू सुखी होऊन् ।
मेरो यस पुण्य हाम्रा ज्ञातिबन्धुहरूलाई प्राप्त होओस् ।
यस पुण्यको प्रभावद्वारा उनीहरू सुखी होऊन् ।
यहाँसम्म हामीले प्राप्त गरिआएको पुण्य सम्पत्तिलाई सबै देवताहरूले सम्पूर्ण सिद्धि प्राप्तिको निम्ति अनुमोदन गरून् ।

यहाँसम्म हामीले प्राप्त गरिआएको पुण्य सम्पत्तिलाई सबै सत्वहरूले सम्पूर्ण सिद्धि प्राप्तिको निम्ति अनुमोदन गरून् ।

यसरी पुण्यानुमोदन गर्दा आफ्नो मात्र नभई आफ्ना नाताकुटुम्बहरूको कल्याण, सुखको कामना गरिन्छ । यति मात्र होइन कि कुनै पवित्र कामद्वारा प्राप्त भएको पुण्यले देवताहरू, सम्पूर्ण सत्वहरूका साथै सबै भूतहरूको मोक्ष प्राप्तिको लागि समर्थन गरिन्छ । पुण्यानुमोदन एक त्यस्तो पुणित कार्य हो जहाँ दृश्य (अदृश्य सम्पूर्ण मनुष्य, अमनुष्य, सत्वहरू तथा देवताहरूको सुखको कामना गरिन्छ । यो नै पुण्यानुमोदनको मूल सार हो । यसरी पुण्य बाँड्न सक्नु पनि आफैमा एक गौरवको विषय हो । त्यसकारण बुद्ध धर्मको सकारात्मक पक्ष भनेकै आफू पनि बाँचौं र अरूलाई पनि बचाऔं भन्ने सिद्धान्त हो । यसप्रकार एउटा पुणित कार्यमा सहभागिता होस् कि नहोस्, त्यस कार्यबाट प्राप्त हुने पुण्य सबैलाई बाँड्ने महान् कार्यलाई नै पुण्यानुमोदन भनिन्छ । त्यसैले पुण्यानुमोदनलाई एक आध्यात्मिक अभ्यास पनि भन्न सकिन्छ जहाँ प्रसन्न चित्तले पुण्य बाँडिन्छ र सबैको कल्याण, सुख र मोक्ष प्राप्तिको कामना गरिन्छ ।

पुण्यानुमोदन एक कुशल कर्म हो जसलाई दुई कार्यमा विभाजन गर्न सकिन्छ ( पत्तिदान र पत्तानुमोदन) "पत्तिदान" भन्नाले आफूले गरेको पुण्य अरूलाई बाँड्नु हो र "पत्तानुमोदन" भनेको अरूले गरेको पुण्यमा प्रसन्न हुनु भनेर बुझिन्छ । पुण्यानुमोदन अन्तर्गत यी दुईवटै कार्यहरू पर्दछन् । यस अर्थमा कुनै धार्मिक कार्यबाट प्राप्त भएको पुण्य अरूलाई बाँडिन्छ र साथै अरूले गरेको पुणित कार्यमा पनि प्रसन्न भई सहभागिता जनाउनुलाई पुण्यानुमोदन भनिन्छ ।

त्यसैले पुण्यानुमोदन भन्नाले आफ्नो र अरूको राम्रा गुणहरूलाई स्मरण गरी सम्मान प्रदान गर्नु हो । यसैगरी कुनै पवित्र कार्यबाट प्राप्त भएको पुण्यलाई प्रसन्नताका साथ सबैलाई बाँड्नुलाई नै पुण्यानुमोदन भनिन्छ । यस कारणले पनि पुण्यानुमोदनको पाठ गर्नु भनेको मैत्रीभाव उत्पन्न गराउनु भन्ने बुझिन्छ जहाँ सम्पूर्ण ज्ञातिबन्धुहरू, देवताहरू, सत्त्वहरू साथै भूतहरूको कल्याण, सुख र मोक्ष प्राप्तिको कामना गरी पुण्य बाँडिन्छ । यसरी कुनै लोभ, द्वेष र मोहरहित भएर कार्य सम्पन्न गरेमा नै पुण्य सञ्चय हुन्छ साथै यस पुण्यलाई बाँड्ने कुशल कार्यमार्फत आफ्नो जीवन र अरूको जीवन पनि सुखमय हुन्छ । त्यसकारण बुद्ध धर्ममा पुण्यानुमोदनले विशेष स्थान ओगटेको छ जसले यो दुर्लभ मानव जीवनलाई सार्थकताको पथमा दोहोर्याउन मद्दत गर्दछ ।

◆

गरिबी अवस्थामा मुट्ठीभर पीठोको पनि चाहना हुन्छ। त्यसपछि (धन सम्पन्न भएमा) उनै मानिसले पृथ्वीलाई समेत तृणसमान ठान्दछन्। त्यस कारण संसारमा धन धेरै-थोरै जे जति के कति हुनुपर्दछ भन्ने एकै नाशको कुनै निर्धारित स्थिति (नीति) छैन्। धनीवर्गको वर्तमान अवस्थाले नै सांसारिक वस्तुलाई ठूलो र सानो बनाइदिन्छ।

***साभार भर्तृहरि-नीतिका अर्थ शतकबाट***

# मानिसका चार गति

✍ महेन्द्रकुमार शाक्य

धर्मग्रन्थहरुअनुसार मानिसका गति चार किसिमका हुन्छन् । राम्रोबाट राम्रोतिर जाने अथवा उज्यालोबाट उज्यालोतिरै जाने, राम्रोबाट नराम्रोतिर जाने अथवा उज्यालोबाट अँध्यारोतिर जाने, नराम्रोबाट राम्रोतिर जाने अथवा अँध्यारोबाट उज्यालोतिर जाने र नराम्रोबाट नराम्रोतिरै जाने अथवा अँध्यारोतिरै जाने ।

***उज्यालोबाट उज्यालोतिरै जाने***

कोही मानिस राम्रो, धनी, सम्पन्न, धार्मिक संस्कार भएको कुलमा जन्मन्छन् । जाँडरक्सी नखाने सुशिक्षित आमाबुबा, धार्मिक, हिंसा नगर्ने हुन्छन् । शिक्षित पारिवारिक परम्पराको प्रभावले उनीहरु ज्ञानी, सदाचारी आफूभन्दा ठूला र मान्यजनहरुको आदर गर्ने र आफूजस्तै सुशिक्षित शीलवान्‌हरुकै संगतमा रमाउने हुन्छन् । राम्रोबाट राम्रोतिर जाने समूहका मानिसहरुले आफ्नो शिक्षित परिवारको परम्परा, संस्कार र आफूसँग भएका गुण, शील सदाचारको महत्त्व बुझेका हुन्छन् र त्यसलाई बढाउन र सुरक्षित गर्न लागिपर्दछ । ज्ञानी शीलवानहरुको सत्संगतले उनीहरुलाई अँध्यारोतिर जान दिँदैन ।

***उज्यालोबाट अँध्यारोतिरै जाने***

राम्रोबाट नराम्रोतिर जाने समूहका मानिसहरु राम्रो, धनी, सम्पन्न, धार्मिक संस्कार भएको कुलमा जन्मन्छन् तर आफ्नो परिवारमा सम्पदाका रुपमा रहेको धार्मिक परम्पराको महत्त्व बुझ्दैनन् या बुझेर पनि खराब संगतका कारण त्यसलाई बढाउन र संरक्षण गर्न सक्दैनन् । मोजमस्तीमै जीवन बिताउँछन् । मोजमस्तीमा लागेकाहरुकै सेरोफेरोमा समय बिताउन रुचाउँछन् । त्यस्ता मानिसहरु मादक पदार्थ सेवन गर्ने, प्राणी हिंसा गर्ने, आमाबुबालाई तिरस्कार गर्ने परस्त्री वा परपुरुष गमन गर्नेजस्ता खराब काममा लिप्त हुन्छन् । राम्रो सम्पन्न घरमा जन्मिएर, हुर्किएर पनि यस समूहका मानिसहरु संगत आदिका कारण कुबाटोमा लाग्छन् । यसरी उनीहरु अँध्यारोतिर जाने हुन्छन् ।

***अँध्यारोकबाट उज्यालोतिर जाने***

यस समूहका मानिसहरु फोहर पानीमा कमल फुलेझैं विपन्न र मिथ्या अजीविका आजीविका गर्ने कुलमा जन्मन्छन् । जहाँ पेटभरि खान र एकसरो लगाउन पनि कठिन हुन्छ । शारीरिक रुपमा पनि असक्त, दुर्बल,काना, लुला हुन्छन् । तर पनि राम्रो संगतका कारण शरीर, वचन र मनले शुभकर्म गर्दछन् । आफूहरुले गर्दै आएको मिथ्या आजीविका र खराब आचरणहरुले आफूहरुलाई हानि गरिरहेको कुरा बुझेका हुन्छन् र त्यसलाई त्याग्न लागिपर्दछन् । त्यस्ता मानिसहरुबाट खराब कर्म छाड्ने र राम्रो आचरणको विकास गर्दै जाने सम्भावना हुन्छ । गरिब भएर पनि बाँडेर खाने गर्छन्, बेइमानी गर्दैनन्, अर्काको सम्पत्तिमा लोभ गर्दैनन्, ज्ञानी भिक्षु, सन्त महन्तहरुको सङ्गतबाट आफ्नो परिवार, वंशबाट गर्दै आएको मिथ्या

अजीविका छोडेर सम्यक आजीविकाबाट परिवारको पालनपोषण गर्छन् । आमाबुबाको सेवा गर्दछन् । त्यसैले, आर्थिक रुपले गरिब र विपन्न धार्मिक संस्कार नएभको कुलमा जन्मेर पनि कुशल संस्कार सञ्चय गर्न पुग्दछन् । यसरी यस्ता मानिसहरु अँध्यारोबाट उज्यालोतिर जान्छन् ।

**अँध्यारोबाट अध्यारेतिरै जाने**

यस समूहका मानिसहरु विपन्न र मिथ्या आजीविका गर्ने कुलमा जन्मन्छन् । जहाँ पेटभरि खान र एकसरो लगाउन पनि कठिन हुन्छ । शारीरिक रुपमा पनि असक्त, दुर्बल, काना, लुला हुन्छन् । नराम्रोबाट नराम्रोतिर जाने समूहका मानिसहरुले आफूहरुको मिथ्या अजीविका र खराब आचरणहरुले आफूलाई हानि गरिरहेको छ भनेर बुझ्दैनन् अथवा बुझेर पनि बुझ पचाउँछन् । उनीहरुका वरिपरिका छिमेकी, साथीभाइ पनि लोभी, ईर्ष्यालु, दुराचारी, बेइमान, मादकपदार्थ सेवन गर्ने, मिथ्या आजीविका गर्ने हुन्छन् । उनीहरुलाई सत्संगत गर्ने र सध्दर्म श्रवण गर्ने अवसर सुलभ हुँदैन । यसरी यस समूहका मानिस अहिले पनि र पछि पनि अँध्यारोमै रहन्छन् । उनीहरुको जीवन दुःखमय नै रहिरहन्छ ।

*सुखतिरको यात्रा Journey to Happiness*

◆

# २५६३ औं बुद्ध जयन्ती



२५६३ औं बुद्ध जयन्तीको अवसरमा मैत्रय युवा संघ र झौखेल लाकिला समूहको संयुक्त आयोजनामा एक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

प्रमुख अतिथिको आसनबाट श्रध्येय भिक्षु अर्जुनले बुद्ध जयन्तीको उपलक्ष्यमा बुद्धमूर्तिलाई खटमा राखि नगर परिक्रमा र दिपावली मात्रै गरेर बुद्ध जयन्ती मनाएको ठहर्दैन । बरु बुद्धको उपदेशलाई राम्ररी अध्ययन गरी आफ्नो जीवन सुधार गर्ने र अरुलाई हानी नोक्सानी नहुने उपकारको काम गर्नु नै साँचो अर्थमा बुद्ध जयन्ती मनाएको ठहरिन्छ ।

उक्त कार्यक्रममा मैत्रय युवा संघका सचिव संचित बुद्धाचार्यले झौखेल स्थित १४०० वर्ष अगाडिको लिच्छविकालीन चैत्य भेटिएकोबारे सन्ध्या टाइम्स पत्रिकामा प्रकाशित श्री सुरेशज्योति शाक्यको लेख वाचन गरी सुनाउनु भयो ।

मैत्रय युवा संघका अध्यक्ष जमुना गोसाईले बुद्ध जीवनीबारे थाहा पाउनको लागि परियत्ति शिक्षा पढ्नुपर्ने कुरामा जोड दिनुभयो । साथै गोविन्द क्षेत्रीको सभापतित्वमा भएको उक्त कार्यक्रममा मैत्रय युवा संघका संस्थापक अध्यक्ष श्री तिर्थराज बज्राचार्य ? बौद्ध दर्शन अध्ययन समाजका सचिव श्री चन्द्रबहादुर उलक र आयोजक समितिका उत्तर खयरगुली र श्यामकृष्ण सुलुले पनि आ-आफ्नो भावना व्यक्त गरेका थिए । ◆

अन्तरक्रिया

# बौद्ध दर्शन अन्धविश्वासलाई चिर्दै अघि बढेको दर्शन: अध्यक्ष रोहित

बौद्ध दर्शन एवम् शिक्षामा केन्द्रित भई प्रकाशित बौद्ध साहित्यिक सङ्ग्रह 'अर्हत्' त्रैमासिक पत्रिकाको असार २५ गते बुधबार भक्तपुरमा एक अन्तरक्रिया कार्यक्रम भयो ।

बौद्ध दर्शन अध्ययन समाजद्वारा आयोजित कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले लामो समयपछिको गहन अध्ययन, खोजीनीति, अभ्यास र अनुभवबाट सिद्धार्थ गौतम बुद्ध बनेको बताउनुभयो ।

समाजमा व्याप्त अनेक अन्धविश्वास चिर्दै अघि बढेको स्मरण गर्दै अध्यक्ष रोहितले बुद्ध कम्युनिस्ट सिद्धान्त र विचारसित मिल्ने शोषणविरोधी र व्यक्तिगत सम्पत्ति र व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक सम्पत्ति र सामूहिक सेवामा लाग्ने व्यक्तित्व हुन् भन्नुभयो ।

तल्लो वर्गका जनतासमक्ष शिक्षा पुऱ्याउने लक्ष्य राखेरै बुद्धले शिक्षा प्रचारमा जोड दिएको उल्लेख गर्दै उहाँले ज्ञान प्राप्तिको निम्ति बुद्धले



गरेको चिन्तनमनन, अध्ययन र छलफल दु:ख होइन मेहनत हो भन्नुभयो ।

इतिहासकार एवम् संस्कृतिविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले धन बाँड्दा घट्ने तर विद्या खर्च गर्दा बढ्ने विचार व्यक्त गर्दै भन्नुभयो, "संसारका जनताको कल्याण गर्न नै बुद्धले ज्ञानको खोजी गरे र प्राप्त गरे ।"

भक्तपुर हिन्दूहरूको थलो हो भन्ने बौद्ध विद्वानहरूको भनाइ भक्तपुरमा प्राप्त विभिन्न प्रामाणिक अभिलेखले गलत साबित गरेको चर्चा गर्दै उहाँले भन्नुभयो, "नेपाल बुद्धको भूमि हो ।"

प्राध्यापक सिद्धिरत्न शाक्यले बुद्ध एक दार्शनिक र वैज्ञानिक भएको दृष्टान्त प्रस्तुत गर्दै बुद्ध धर्ममा जातभात मानिँदैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "बुद्ध शिक्षाले मानिसको जीवन पद्धतिलाई राम्रो बनाउँछ, बुद्ध धर्मले अन्धविश्वासलाई मान्दैन ।"

उहाँले बौद्ध पत्रिकाको निरन्तरताको कामना गर्दै अर्हत्मा यहाँका विभिन्न चैत्य, स्तम्भ, विहारको तस्वीरसहितको छोटो चिनारी भए सुनमा सुगन्ध हुने विचार व्यक्त गर्नुभयो ।

बौद्ध विद्वान एवम् लेखक रत्नसुन्दर शाक्यले बुद्धको सही ज्ञान छर्न र उपदेश जनताको घर आँगनमा पुऱ्याउन नै 'अर्हत्' प्रकाशन भएको चर्चा गर्दै कपिलवस्तुमा प्राप्त अशोक स्तम्भले बुद्ध भारतमा होइन नेपालमै जन्मेका हुन् भन्नुभयो ।

बौद्ध दर्शन अध्ययन समाजका अध्यक्ष बालमुकुन्द बासुकलाको सभापतित्वमा भएको अन्तरक्रिया कार्यक्रममा चन्द्रबहादुर उलक, आशाकुमार चिकंबञ्जार, भानुभक्त हुमागाईँ, विष्णुगोपाल कुसी र जमुना गोसाईले बुद्ध शिक्षा र 'अर्हत्' पत्रिकाबारे समीक्षा गर्दै विभिन्न सुझाव दिनुभयो ।

वागीश्वरी माविको सभाकक्षमा भएको सो अन्तरक्रियामा 'अर्हत्' पत्रिकाका सम्पादक उद्धव सुजखूले स्वागत मन्तव्य दिनुभएको थियो ।

'अर्हत्' पत्रिका २०६८ जेठ ३ गतेदेखि प्रकाशित भएको थियो । हालसम्म समाजले ३२ अङ्क प्रकाशित गरिसकेको छ । ०६६ वैशाख २७ गते बसेको भेलाले बौद्ध अध्ययन दर्शन समाज गठन भएपछि अर्हत्को प्रकाशन नियमित भइरहको हो ।

◆

## कुशल धर्म:

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।

२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।

३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।

४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।

५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।

६) अरुको सेवा (परोपकार) गर्नु ।

७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।


८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु ।

९) सत्य, यथार्थको खोजमा लाग्नु ।

१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु

यही नै कुशल धर्म हो ।

*साभार : बुद्ध र उहाँको धर्म*







बौद्ध दर्शन अध्ययन समाजले प्रकाशित गरेको
'अर्हत' त्रैमासिकले बौद्ध चेतना जगाउने अभियानमा
महत्वपूर्ण योगदान पुऱ्याउन सकोस् भन्ने
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सिद्धि गणेश अफसेट प्रेस
इनाचो, भक्तपुर, फोन नं. ६६१४७९३
sgpress7@gmail.com

छपाईसम्बन्धी सम्पूर्ण कार्यको लागि हामीलाई सम्झनुहोस् ।

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

भक्तपुर नगरपालिकाबाट संचालित
ख्वप इन्जिनियरिङ्ग कलेज
पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

भक्तपुर नगरपालिकाबाट संचालित
ख्वप कलेज अफ इन्जिनियरिङ्ग
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

शैक्षिक कार्यक्रमहरु

KHWOPA ENGINEERING COLLEGE
- Master in Earthquake Engineering (2 yrs.)
- M.Sc. in Urban Design & Conservation (2 yrs.)
- Bachelor in Civil Engineering (4 yrs.)
- Bachelor in Architecture (5 yrs.)
- Bachelor in Computer Engineering (4 yrs.)
- Bachelor in Electronics & Communication Engineering (4 yrs.)

KHWOPA COLLEGE OF ENGINEERING
- Bachelor in Civil Engineering (4 yrs.)
- Bachelor in Electrical Engineering (4 yrs.)
- Bachelor in Computer Engineering (4 yrs.)



लिवाली, भक्तपुर | फोन ५१२२०९४, ५१२२०९८
Email : info@khec.com.np | info@khwopa.edu.np | Website : www.khec.edu.np | www.khwopa.edu.np

बौद्ध साहित्यिक पत्रिका "अर्हत" त्रैमासिक
निरन्तर प्रकाशनको हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

श्री सरस्वती फिक्स इँटा उद्योग परिवार
चाँगुनारायण नपा वडा नं. ९, चान्डोल, भक्तपुर

वैज्ञानिक प्रविधिबाट उत्पादित सस्तो, बलियो तथा भरपर्दो
इँटाको लागि सम्झनुहोस् ।